# नेपाल धितोपत्र बोर्ड

# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०६८/६९

# नेपाल धितोपत्र बोर्ड

## बोर्डका पदाधिकारी तथा सदस्यहरू



**बाबु राम श्रेष्ठ**
अध्यक्ष



**जन्मजय रेग्मी**, सदस्य
सह-सचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**डिल्लीराज घिमिरे**, सदस्य
सह-सचिव
नेपाल सरकार
कानुन, न्याय तथा
संसदीय व्यवस्था मन्त्रालय



**लोकबहादुर खड्का**, सदस्य
प्रतिनिधि
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



**महेशकुमार गुरागाई**, सदस्य
प्रतिनिधि
उपाध्यक्ष, नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था



**प्रदीपजंग पाण्डे**, सदस्य
प्रतिनिधि
उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



**कोमल चित्रकार**, विज्ञ सदस्य
नेपाल सरकारबाट मनोनित

# नेपाल धितोपत्र बोर्ड

## व्यवस्थापन



**बाबु राम श्रेष्ठ**
अध्यक्ष



**निरज गिरी**
निर्देशक
सुपरीवेक्षण विभाग तथा सामान्य प्रशासन



**परीष्टनाथ पौड्याल**
निर्देशक
नियमन विभाग तथा आर्थिक प्रशासन



**विनयदेव आचार्य**
उप-निर्देशक
संस्थागत वित्त विभाग



**डा. नबराज अधिकारी**
उप-निर्देशक
योजना तथा विकास विभाग



**मुक्तिनाथ श्रेष्ठ**
उप-निर्देशक
कानुन विभाग

# नेपाल धितोपत्र बोर्ड

*एक स्वच्छ, विश्वसनीय, पारदर्शी, जवाफदेही, गतिशील तथा प्रतिस्पर्धी धितोपत्र बजारको विकासमा प्रयासरत...*

# अध्यक्षको मन्तव्य

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार नेपाल धितोपत्र बोर्डको आर्थिक वर्ष २०६८।६९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा सम्बन्धित सबैमा खुसी व्यक्त गर्न चाहन्छु । यस वार्षिक प्रतिवेदनमा बोर्डबाट आर्थिक वर्ष २०६८।६९ मा भएका कामकारबाहीहरू, धितोपत्र बजारको बर्तमान अवस्था, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरूको गतिविधि समावेश गरिएको छ ।

यस वर्ष नेपाल धितोपत्र बोर्डद्वारा धितोपत्र बजारमा नयाँ २७ वटा धितोपत्र दलालहरूको प्रवेश गराउने कार्य भएको छ । विगतमा धितोपत्र बजारमा २३ वटा मात्र धितोपत्र दलालहरू रहेकोमा अब धितोपत्र दलालहरूको संख्या ५० पुगेकोले लगानीकर्ताहरूलाई उपयुक्त दलालको छनौट गर्न बढी विकल्पहरू प्राप्त भएको छ । यसबाट धितोपत्र दलाल व्यवसायमा संलग्न व्यवसायीहरू प्रतिस्पर्धामा कार्य गर्ने अवस्था सिर्जना भएको छ । धितोपत्र बजारमा नयाँ धितोपत्र दलालहरूको प्रवेश भएबाट विद्यमान लगानीकर्ताहरूका साथै बजारमा प्रवेश गर्न चाहने नयाँ लगानीकर्ताहरूलाई समेत सरल र सहज रूपले गुणात्मक सेवा प्राप्त गर्न सहयोग पुग्ने बोर्डले विश्वास लिएको छ । यस्तै बोर्डले नेपालको पहिलो क्रेडिट रेटिङ्ग संस्थाको रूपमा इक्रा नेपाल लि. लाई क्रेडिट रेटिङ्ग व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरेको छ । उक्त कम्पनीलाई यसरी अनुमतिपत्र प्रदान गरिएपछि अब धितोपत्र बजारमा धितोपत्र निष्काशन गर्न चाहने संगठित संस्थाले धितोपत्र निष्काशन गर्नु अघि अनिवार्य रूपमा आफूले निष्काशन गर्ने धितोपत्रको रेटिङ्ग गर्नुपर्ने व्यवस्था लागू भएको छ । यसबाट कुनै कम्पनीको धितोपत्रमा लगानी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा लगानीकर्ताहरूलाई सुसूचितपूर्ण निर्णय लिन सघाउ पुग्नेछ । साथै यसबाट कम्पनीहरूको आफ्नो स्तर सुधार गर्न र प्रतिस्पर्धी हुनमा बढी ध्यान केन्द्रीत हुने बोर्डले विश्वास लिएको छ ।

यस वर्ष धितोपत्र बजारमा सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था अनुसार २ वटा सामूहिक लगानी कोष स्थापना भएको तथा थप २ वटा स्थापनाको अन्तिम चरणमा रहेका छन् । धितोपत्र बजारमा लगानी गर्ने उद्देश्यले बजारमा सामूहिक लगानी कोष जस्तो संस्थागत लगानीकर्ताको थप प्रवेश हुनु धितोपत्र बजारका लागि अति नै महत्त्वपूर्ण कुरा हो । बजारमा सामूहिक लगानी कोषको प्रवेशमा वृद्धि भएबाट कम आय भएका तथा धितोपत्र बजारको प्राविधिक ज्ञान नभएका स-साना लगानीकर्ताहरूले दक्ष लगानी सेवा प्राप्त गर्न सक्नेछन् । साथै सामूहिक लगानी कोषको प्रवेश शूरु भएबाट धितोपत्र बजारमा धितोपत्रको माग भन्दा आपूर्ति अधिक भैरहेको अवस्थामा बजारको उतार चढावलाई न्यून गराई बजारलाई स्थिरतातर्फ उन्मुख गराउन सघाउ पुग्ने र धितोपत्र बजारको दायरा फराकिलो बनाउन सहयोग पुग्न गई समस्त धितोपत्र बजार विकासमा सहयोग पुग्ने बोर्डले विश्वास लिएको छ । सामूहिक लगानी कोषको प्रवेश एवं विकास-विस्तारलाई प्रोत्साहन गर्न बोर्डले कोषको आयमा कर नलाग्ने व्यवस्था गर्न तथा सर्वसाधारण लगानीकर्ताहरूलाई समेत कोषमार्फत धितोपत्रमा लगानीका लागि प्रोत्साहन गर्न कोषले प्रदान गर्ने प्रतिफलमा समेत कर नलाग्ने व्यवस्था गर्न नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गरेको छ । साथै सामूहिक लगानी कोषमार्फत गैर आवासीय नेपालीहरूको लगानी भित्र्याउन बोर्डले सामूहिक लगानी कोष नियमावलीमा आवश्यक संशोधन गरी गैरआवासीय नेपालीहरूले धितोपत्र बजारमा लगानी गर्न सक्ने व्यवस्था गरेको छ ।

धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न बोर्डले सीडिएस एण्ड क्लियरिङ्ग लि. लाई अनुमतिपत्र प्रदान गरेकोमा उक्त कम्पनीको केन्द्रीय निक्षेप सेवा सञ्चालन विनियमावली समेत स्वीकृत गरेको छ । यसबाट नेपालमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न बाटो खुला भएको छ र यसबाट अब धितोपत्र कारोबार राफसाफ तथा नामसारीको हाल कायम रहेको मानवीय प्रणालीलाई विद्युतीय प्रणालीले प्रतिस्थापन गर्ने र धितोपत्रको कारोबार राफसाफ तथा नामसारी सम्बन्धी कार्यहरू शिघ्र रूपमा सम्पादन गर्न सहयोग पुग्ने विश्वास बोर्डले लिएको छ । हाल सूचिकृत कम्पनीहरूको धितोपत्रहरू अभौतिकीकरण (Demat) गर्ने कार्य शुरु भैसकेको छ ।

धितोपत्र बजारको प्रभावकारी नियमन व्यवस्था तथा समयसापेक्ष रूपमा धितोपत्र बजारको विकासका लागि बोर्डले विश्व बैंकको प्राविधिक सहयोगमा तयार गरेको धितोपत्र बजार सम्बन्धी पञ्च वर्षीय पुंजी बजार विकास गुरु योजनालाई कार्यान्वयनमा ल्याउन कार्यान्वयन ढाँचा तयार गरिएको छ । उक्त योजना अन्तर्गतका कार्यक्रम कार्यान्वयन हुँदै गएको छ । धितोपत्र बजारमा सामूहिक लगानी कोष, धितोपत्रको केन्द्रीय निक्षेप सेवा तथा क्रेडिट रेटिङ्ग व्यवसाय जस्ता नयाँ पूर्वाधारहरूको प्रवेश भएको परिप्रेक्ष्यमा त्यस्ता पूर्वाधारहरू सम्बन्धमा तथा लगानीकर्ताले लगानी गर्दा अपनाउनुपर्ने

सजगता सम्बन्धमा लगानीकर्ताहरूलाई प्रशिक्षित गराउन अति नै आवश्यक भएकोले नेपाल धितोपत्र बोर्डले लगानीकर्ता प्रशिक्षणलाई बढी जोड दिई देशका विभिन्न भागका लगानीकर्ताहरूलाई केन्द्रीत गरी विभिन्न स्थानमा २१ वटा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन भएको छ। बोर्डले आगामी दिनहरूमा पनि यस्तो कार्यक्रमलाई निरन्तरता दिनेछ। साथै लगानीकर्ता प्रशिक्षण कार्यक्रमलाई नियमित तथा व्यवस्थित रूपमा सञ्चालन गर्न बोर्डले Capital Market Development Research and Training Institute स्थापना गर्ने समेत लक्ष्य राखेको छ। यस वर्ष धितोपत्र बजार विकासका लागि बोर्डबाट भएगरेका प्रयासको फलस्वरूप बजारको प्रभावकारितामा अभिवृद्धि भई नेप्से परिसूचक सुधारोन्मुख देखिएको छ।

हाल नेपाल स्टक एक्सचेञ्ज Semi automated stock exchange को रूपमा रहेको र धितोपत्र बजार विशेषगरी काठमाडौं केन्द्रीत रहेकोमा देशव्यापी रूपमा धितोपत्र कारोबार सुविधा विस्तार गर्न र हालको कारोबार प्रणालीमा सुधार गर्न तथा कारोबार प्रणालीको क्षमता बढाउन पूर्ण स्वचालित Internet Based Trading System को व्यवस्था समेत मिलाउन बोर्डले नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिई ताकेता गर्दै आएको छ। हाल धितोपत्र कारोबार विद्युतीय रूपमा हुने गरेको भएतापनि त्यसपछिका कारोबार राफसाफ तथा फछ्र्यौटलगायतका सम्पूर्ण कामकारवाहीहरू मानवीय श्रममूलक रूपमा (Manually) हुने गरेको कारण कारोबार राफसाफ तथा फछ्र्यौटमा ढिलासुस्ती नहोस र लगानीकर्ताहरूको लगानीले छिटो भन्दा छिटो निकास पाओस भन्ने उद्देश्यले धितोपत्र बजारको विनियमावली बमोजिम कारोबार भएको तीन दिन भित्रै कारोबार राफसाफको व्यवस्था (T+3) गर्न बोर्डले नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिएको छ। बोर्डको निर्देशन पश्चात हाल कारोबार राफसाफमा केही सुधार आएको देखिएको छ।

नेपालको धितोपत्र बजार विकासका लागि महत्त्वपूर्ण पूर्वाधारका रूपमा रहेका सामूहिक लगानी कोष, धितोपत्रको केन्द्रीय निक्षेप सेवा तथा क्रेडिट रेटिङ्ग व्यवसाय जस्ता पूर्वाधारहरू तयार भैसकेकोले यसबाट आगामी दिनमा नेपालको धितोपत्र बजारको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने बोर्डले विश्वास लिएको छ।

धितोपत्र बजार नियमन तथा विकासको क्रममा महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएका बोर्डका पूर्व अध्यक्षज्यूहरूको बोर्ड परिवारको तर्फबाट म प्रशंसा गर्न चाहन्छु। यसैगरी नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्नु भएका निवर्तमान बोर्ड सदस्य श्री बोधराज निरौला, कानुन तथा न्याय मन्त्रालयका निवर्तमान बोर्ड सदस्य श्री केदार पौडेल, नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्रतिनिधित्व गर्नु भएका निवर्तमान बोर्ड सदस्य श्री मधुवीर पाण्डेको योगदानको लागि धन्यबाद व्यक्त गर्दछु।

धितोपत्र बजार विकासका लागि सहयोग पुऱ्याउने नेपाल सरकार-अर्थ मन्त्रालय, नेपाल स्टक एक्सचेञ्ज लि., धितोपत्र व्यवसायीहरू, सुचीकृत कम्पनीहरू तथा सर्वसाधारण लगानीकर्ताहरू, धितोपत्र बजारसँग सम्बन्धित अन्य निकायहरू र आर्थिक पत्रकारहरू सबैलाई धन्यवाद व्यक्त गर्दछु। धितोपत्र बजार विकासको लागि आवश्यक सहयोग पुऱ्याउने निकायहरू कानुन तथा न्याय मन्त्रालय, नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल चाटर्ड एकाउन्टेन्स संस्था तथा नेपाल उद्योग वाणिज्य महासंघलाई पनि धन्यवाद दिन चाहन्छु। यसै गरी बोर्डको क्षमता अभिवृद्धि र धितोपत्र बजार सुधारमा सहयोग पुऱ्याउने विश्व बैंक, भारत सरकार तथा बोर्डका पदाधिकारी र कर्मचारीहरूको कार्यगत दक्षता अभिवृद्धिमा सहयोग पुऱ्याउने Asian Development Bank, Financial Services Agency; Japan, Securities and Exchange Surveillance Commission; Japan, US Securities and Exchange Commission, South Asian Securities Regulators Forum, Asia-Pacific Economic Cooperation, Korea Financial Investment Association, Securities Commission, Malaysia, Organisation for Economic Co-operation and Development (OECD) तथा Securities and Exchange Board of India लगायत अन्य सहयोगी निकायहरूलाई धन्यबाद दिन चाहन्छु।

अन्त्यमा, वर्तमान बोर्ड सदस्यज्यूहरूले बोर्डमा पुऱ्याउँदै आउनु भएको योगदानको कदर गर्दै वहाँहरूलाई धन्यवाद दिन चाहन्छु। साथै बोर्डका कर्मचारीहरूको कर्तव्य प्रतिको निष्ठा एवं निरन्तर प्रयासको लागि धन्यवाद दिन चाहन्छु।

कार्तिक २७, २०६९

बाबु राम श्रेष्ठ
अध्यक्ष

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| १. | नेपाल धितोपत्र बोर्ड | १ |
| २. | बोर्डका कामकारवाहीहरू | ६ |
| ३. | धितोपत्र बजारको अवस्था | २४ |
| ४. | सामूहिक लगानी योजनाको सञ्चालन विवरण | २९ |
| ५. | सूचीकृत संगठित संस्थाहरूको गतिविधि | ३१ |
| | अनुसूचीहरू | ३२ |

# १. नेपाल धितोपत्र बोर्ड

पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हित संरक्षण गर्न, धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि नेपाल सरकारबाट वि.सं. २०५० जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना भएको हो ।

## उद्देश्य तथा कार्यहरू

धितोपत्र बजारलाई नियमित तथा व्यवस्थित गरी लगानीकर्ताहरूको हकहित संरक्षण गर्ने बोर्डको प्रमुख उद्देश्य रहेको छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ अनुसार नेपाल धितोपत्र बोर्डको मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् ।

- धितोपत्र सार्वजनिक रूपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने ।
- धितोपत्र बजार सञ्चालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार सञ्चालन गर्न अनुमति दिने ।
- धितोपत्र व्यवसाय सञ्चालन गर्न चाहने कम्पनी वा संगठित संस्थालाई धितोपत्र व्यवसाय सञ्चालन गर्न अनुमति दिने ।
- सामूहिक लगानी कोष सञ्चालन गर्न स्वीकृति दिने ।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरू बनाउने ।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरूलाई ऐन नियम अनुसार कारवाही अगाडि बढाउने ।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी निर्देशन गर्ने तथा चेतना अभिवृद्धिमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।

## सञ्चालक बोर्ड

नेपाल धितोपत्र बोर्डमा विभिन्न सरकारी तथा निजी क्षेत्रका निकायहरूको प्रतिनिधित्व रहेको ७ सदस्यीय बोर्डको व्यवस्था रहेको छ । बोर्डमा पूर्णकालीन कार्य गर्ने गरी नेपाल सरकारद्वारा नियुक्त अध्यक्षका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार-कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव तथा नेपाल राष्ट्र बैंक, नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधीहरू तथा धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, वित्तीय वा आर्थिक क्षेत्रसँग सम्बन्धित विज्ञहरू मध्येबाट नेपाल सरकारले मनोनित गरेको व्यक्ति सदस्य रहने व्यवस्था छ । यस आर्थिक वर्षमा १७ वटा बोर्ड बैठक बसी विभिन्न नीतिगत तथा नियमनकारी निर्णयहरू भएका छन ।

यस आर्थिक वर्षमा नेपाल धितोपत्र बोर्डमा प्रतिनिधित्व गर्ने सदस्यहरू सम्बन्धी विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ : बोर्डमा प्रतिनिधित्व गर्ने सदस्यहरू**

| क्र.सं. | निकाय | नाम | पद | बोर्डमा प्रतिनिधित्व गरेको मिति/अवधि |
|---|---|---|---|---|
| १ | नेपाल धितोपत्र बोर्ड | श्री बाबु राम श्रेष्ठ | अध्यक्ष | २०६८।०७।०२ देखि |
| | | डा. शूरवीर पौड्याल | अध्यक्ष | २०६५।०९।०२ देखि २०६८।०५।१० सम्म |
| २ | नेपाल सरकार अर्थ मन्त्रालय | श्री जन्मजय रेग्मी (सह-सचिव) | सदस्य | २०६८।०८।२७ देखि |
| | | श्री बोधराज निरौला (सह-सचिव) | सदस्य | २०६६।१२।१७ देखि २०६८।०८।२६ सम्म |
| ३ | नेपाल सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | श्री डिल्लीराज घिमिरे (सह-सचिव) | सदस्य | २०६८।१०।२९ देखि |
| | | श्री केदार पौडेल (सह-सचिव) | सदस्य | २०६६।०६।२७ देखि २०६८।१०।२८ सम्म |
| ४ | नेपाल राष्ट्र बैंक | श्री लोक बहादुर खड्का (कार्यकारी निर्देशक) | सदस्य | २०६७।०९।२० देखि |
| ५ | नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | श्री महेश कुमार गुरागाई (उपाध्यक्ष) | सदस्य | २०६९।०४।१२ देखि |
| | | श्री मधुवीर पाण्डे (उपाध्यक्ष) | सदस्य | २०६८।०४।१५ देखि २०६९।०४।११ सम्म |
| | | श्री सुदर्शनराज पाण्डे (उपाध्यक्ष) | सदस्य | २०६७।०४।२० देखि २०६८।०४।१४ सम्म |
| ६ | नेपाल उद्योग वाणिज्य महासंघ | श्री प्रदिपजंग पाण्डे (उपाध्यक्ष) | सदस्य | २०६४।१२।२२ देखि |
| ७ | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | श्री कोमल चित्रकार | सदस्य | २०६७।०७।३० देखि |

## संगठन

बोर्डको संगठन संरचनामा ७ वटा विभागहरू रहेका छन् र उक्त विभागहरू अन्तर्गत १६ शाखाहरू रहेका छन् । बोर्डको संगठन संरचना देहाय अनुसार रहेको छ ।

**नेपाल धितोपत्र बोर्डको संगठनको ढाँचा**




बोर्डका विभागीय प्रमुखहरूले अध्यक्षलाई तथा शाखाहरूले विभागीय प्रमुखहरूलाई प्रतिवेदन पेश गर्दछन् । बोर्डमा हाल ३० जना कर्मचारीहरू कार्यरत छन् ।

बोर्डको काम कारवाहीहरूलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउन बोर्डमा विभिन्न समितिहरू कार्यरत छन् । उक्त समितिहरू देहाय अनुसार रहेका छन् ।

## कानुन तथा प्रवलीकरण समिति

बोर्डले बनाउनुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानुनी व्यवस्थाहरूको मस्यौदा तयार गर्ने तथा बोर्ड समक्ष पेश भएका जटिल कानुनी विषयका सम्बन्धमा अध्ययन गर्ने, परामर्श दिने तथा धितोपत्र सम्बन्धी ऐन नियमको

पालनालाई प्रभावकारी गराउने जस्ता काम कारवाहीहरूका लागि बोर्डमा "कानुन तथा प्रवलीकरण समिति" (Legal and Enforcement Committee) रहेको छ । उक्त समितिमा नेपाल सरकार, कानुन तथा न्याय मन्त्रालयबाट बोर्डमा प्रतिनिधित्व गर्ने सदस्य संयोजक रही बोर्डको नियमन विभाग तथा कानुन विभागका प्रमुख तथा एक जना बाह्य कानुन विशेषज्ञ सदस्यको रूपमा रहेका छन् ।

### वित्तीय प्रशासन तथा वित्तीय सूचना विश्लेषण समिति

बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्न, कार्यक्रम तथा बजेटको पुनरावलोकन गर्न तथा बोर्डको लेखा, लेखा परीक्षण, वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी कार्यहरूमा सहयोग पुऱ्याउन "वित्तीय सूचना विश्लेषण तथा वित्तीय प्रशासन समिति" कार्यरत रहेको छ । उक्त समितिमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्ने सदस्य संयोजक रही बोर्डको व्यवस्थापन विभाग तथा वित्तीय सूचना विश्लेषण विभागका प्रमुख र लेखा शाखाका प्रमुख सदस्यको रूपमा रहेका छन् ।

### संस्थागत सुधार समिति

बोर्डको संस्थागत सुधार तथा क्षमता अभिबृद्धि सम्बन्धी काम कारवाहीहरूमा बोर्डलाई सहयोग पुऱ्याउन "संस्थागत सुधार समिति" कार्यरत रहेको छ । उक्त समितिमा बोर्डका विज्ञ सदस्य संयोजक रही बोर्डको व्यवस्थापन विभाग तथा संस्थागत वित्त विभागका प्रमुख सदस्यको रूपमा रहेका छन् ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र बजार सञ्चालन नियमावली, २०६४, धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४, नेपाल धितोपत्र बोर्ड नियमावली, २०६४, धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५, सामूहिक लगानी कोष नियमावली, २०६७, केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ तथा क्रेडिट रेटिङ्ग ऐजेन्सी नियमावली, २०६८ समेत लागू भएको र उक्त नियमावलीहरूको व्यवस्था बमोजिम धितोपत्र बजारमा थप २७ वटा धितोपत्र दलालहरू, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य (Depository Participant), सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग संस्था, अण्डरराइटर, सेयर रजिष्ट्रार तथा पोर्टफोलियो व्यवस्थापक आदिको प्रवेश भई बोर्डको नियमन तथा सुपरिवेक्षण गर्नु पर्ने जिम्मेवारी व्यापक रूपमा बढन गएको छ । हाल बोर्डले धितोपत्र बजार, सूचिकृत कम्पनी, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग संस्था तथा धितोपत्र दलाल तथा मर्चेन्ट बैंकरहरू गरी कूल ३०० भन्दा बढी कम्पनीहरूको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी रहेको छ । उक्त जिम्मेवारीलाई प्रभावकारी रूपमा निभाउन बोर्डको संस्थागत क्षमता अभिबृद्धि गर्नु अति नै आवश्यक रहेको छ ।

### बोर्डको आर्थिक स्रोत

बोर्डको आर्थिक स्रोतहरूमा धितोपत्र दर्ता, विवरणपत्र, अफर डकुमेन्ट तथा हकप्रद सेयर निष्काशन सम्बन्धी विवरणहरू प्रोसेसिङ्ग दस्तुर, धितोपत्र कारोबार शुल्क, धितोपत्र बजार तथा धितोपत्र व्यवसायी अनुमतिपत्र तथा नवीकरण शुल्क, धितोपत्र व्यवसाय सेवा शुल्क, निवेदन दस्तुर, लगानीमा व्याज आम्दानी, बोनस सेयर दर्ता, सामूहिक लगानी कोष तथा केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमति, निक्षेप सदस्य अनुमति दस्तुर तथा नवीकरणबाट प्राप्त हुने आम्दानी आदि रहेका छन् । बोर्डको आर्थिक वर्ष २०६८।६९ को आय-व्यय विवरण, वासलात तथा नगद प्रवाह विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग आवश्यक सम्बन्ध राखी कार्य गर्दै आएको छ । धितोपत्र लगानीकर्ताको सचेतना तथा शिक्षा सम्बन्धमा आवश्यक ज्ञान तथा सूचनाहरू आदान प्रदान गर्ने र एक अर्कालाई सहयोग र समन्वय गर्ने उद्देश्यले सन् २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रूपमा भूमिका निर्वाह गरी बोर्ड उक्त संस्थाको सदस्य रहेको छ । साथै नेपाल धितोपत्र बोर्ड दक्षिण एशियाली मुलुकका नियमन निकायहरूवीच धितोपत्र बजार नियमन सम्बन्धमा ज्ञान, शीप तथा सूचनाहरू आदान प्रदान गर्ने उद्देश्यले स्थापित South Asian Securities Regulators' Forum (SASRF) को सदस्य पनि रहेको र उक्त फोरमहरूसँग आवश्यक सहयोग तथा समन्वय कायम गर्दै आएको छ । यसै गरी धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली सञ्चालनका लागि आवश्यक हुने Association of National Numbering Agencies (ANNA) को पार्टनरसिप पनि बोर्डले प्राप्त गरेको छ । बोर्डले International Forum for Investor Education (IFIE), International Network of Financial Education (INFE) तथा International Organization of Securities Commissions (IOSCO) को सदस्यता प्राप्त गर्ने सोच राखेको छ । उक्त निकायहरूका साथै विश्व बैंक, एशियाली विकास बैंक तथा Asia Pacific Economic Cooperation (APEC) तथा वभिन्न देशका धितोपत्रको नियामक निकायहरूले आयोजना गर्ने पुँजी बजार सम्बन्धी कार्यक्रमहरूमा बोर्डको सहभागीता रहदै आएको छ ।

# २. बोर्डका कामकारवाहीहरू

## धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम संगठित संस्थाहरूले निष्काशन गर्ने धितोपत्रहरू निष्काशन गर्नुपूर्व बोर्डमा दर्ता गराउनु पर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार यस आर्थिक वर्षमा ४ वाणिज्य बैंक, १४ विकास बैंक, ७ वित्त कम्पनी गरी कुल २५ संगठित संस्थाहरूले साधारण सेयर, ऋणपत्र तथा हकप्रद सेयर गरी कुल रु. २ अर्व ९५ करोड १ लाख ८० हजार मूल्य बराबरको धितोपत्र निष्काशनका लागि बोर्डबाट अनुमति प्राप्त गरेका छन् ।

### (क) सार्वजनिक निष्काशन अनुमति

आर्थिक वर्ष २०६८।६९ मा बोर्डले १ वाणिज्य बैंक, १२ विकास बैंक र २ वित्त कम्पनी गरी कुल १५ संगठित संस्थाको रु. १ अर्व २९ करोड ८५ लाख बराबरको धितोपत्र दर्ता गरी सोको सार्वजनिक निष्काशनका लागि विवरणपत्र स्वीकृत गरेको छ । यस सम्बन्धी विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २ : साधारण सेयर दर्ता तथा विवरणपत्र स्वीकृती**

(रु. दशलाखमा)

| क्र.सं. | संगठित संस्थाको नाम | अनुमति प्रदान मिति | अनुमति प्रदान रकम | निष्काशन तथा बिक्री प्रबन्धक |
|---|---|---|---|---|
| | **वाणिज्य बैंक** | | | |
| १ | जनता बैंक नेपाल लि. | २०६८।१२।२३ | ६००.०० | नागरिक लगानी कोष<br>एनएमबी क्यापिटल लि.<br>सिभिल क्यापिटल लि. |
| | | **जम्मा** | **६००.००** | |
| | **विकास बैंक** | | | |
| १ | बाग्मती डेभलपमेन्ट बैंक लि. | २०६८।०९।१४ | २३.५० | सिभिल क्यापिटल लि. |
| २ | नेपाल कन्ज्युमर डेभलपमेन्ट बैंक लि. | २०६८।१२।०१ | ६०.०० | नागरिक लगानी कोष<br>एनएमबी क्यापिटल लि. |
| ३ | मेट्रो डभेलपमेन्ट बैंक लि. | २०६९।०१।०७ | ३०.०० | एन.सि.एम. मर्चेण्ट बैंकिङ्ग लि. |
| ४ | कन्चन डेभलपमेन्ट बैंक लि. | २०६९।०१।१४ | ३०.०० | एलिट क्यापिटल लि. |
| ५ | समिट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लि. | २०६८।१२।१० | ७.५ | सिभिल क्यापिटल लि. |
| ६ | गुल्मी विकास बैंक लि. | २०६९।०१।१५ | ७.५ | ग्रोमोर मर्चेन्ट बैंकर लि. |
| ७ | टुरिजम डेलपमेन्ट बैंक लि. | २०६९।०१।१८ | २४०.०० | एन.सि.एम. मर्चेण्ट बैंकिङ्ग लि.<br>नागरिक लगानी कोष |
| ८ | प्यासफिक डेभलमेन्ट बैंक लि. | २०६९।०१।२७ | २१.०० | नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. |
| ९ | राइजिंग डेभलपमेन्ट बैंक लि. | २०६९।०२।१४ | ६०.०० | एस क्यापिटल लि. |
| १० | पश्चिमाञ्चल ग्रामिण विकास बैंक लि. | २०६९।०३।११ | ३४.०० | ग्रोमोर मर्चेन्ट बैंकर लि. |
| ११ | खाँदबारी डेभलपमेन्ट बैंक लि. | २०६९।०३।१८ | १५.०० | ग्रोमोर मर्चेन्ट बैंकर लि. |
| | | **जम्मा** | **५२८.५०** | |
| | **वित्त कम्पनी** | | | |
| १ | मञ्जुश्री फाइनान्सियल इन्स्टिच्यूशन लि. | २०६८।०९।१८ | ६०.०० | एन.सि.एम. मर्चेण्ट बैंकिङ्ग लि.<br>नागरिक लगानी कोष |
| २ | फर्ष्ट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लि. | २०६८।११।३० | ३०.०० | एस क्यापिटल लि. |
| ३ | लोटस इन्भेष्टमेन्ट फाइनान्स लि. | २०६९।०१।२८ | ८०.०० | सिभिल क्यापिटल लि. |
| | | **जम्मा** | **१७०.००** | |
| | | **कुल जम्मा** | **१२९८.५०** | |

**(ख) ऋणपत्र स्वीकृत**

आर्थिक वर्ष २०६८।६९ मा बोर्डले ३ वाणिज्य बैंकको रु. १ अर्ब २० करोड बराबरको ऋणपत्र निष्काशनको लागि विवरणपत्र स्वीकृत गरेको छ । यस सम्बन्धी विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : ऋणपत्र स्वीकृती**

(रु. दशलाखमा)

| क्र.सं. | संगठित संस्थाको नाम | अनुमति प्रदान मिति | अनुमति प्रदान रकम | निष्काशन तथा बिक्री प्रबन्धक |
|---|---|---|---|---|
| | **वाणिज्य बैंक** | | | |
| १ | नेपाल एसविआई बैंक लि. | २०६८।०९।१४ | ४००.०० | नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. |
| २ | सिद्धार्थ बैंक लि. | २०६८।१२।१६ | ४००.०० | नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. |
| ३ | ग्लोबल बैंक लि. | २०६८।०३।०६ | ४००.०० | नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. |
| | | **जम्मा** | १२००.०० | |

**(ग) हकप्रद सेयर दर्ता**

यस आर्थिक वर्षमा बोर्डले ३ विकास बैंक र ४ वित्त कम्पनी गरी कुल ७ संगठित संस्थाको साविकका सेयरधनीहरूलाई विक्री गर्नका लागि तयार गरिएको हकप्रद सेयर दर्ता गरी निष्काशन अनुमति प्रदान गरेको छ। उक्त हकप्रद सेयर निष्काशन अनुमतिको कुल रकम रु.४५ करोड १६ लाख ७६ हजार रहेको छ। यस सम्बन्धी विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४: हकप्रद सेयर दर्ता**

(रु.दशलाखमा)

| क्र.सं. | संगठित संस्थाको नाम | दर्ता मिति | अनुमति प्रदान रकम | निष्काशन तथा विक्री प्रबन्धक |
|---|---|---|---|---|
| | **विकास बैंक** | | | |
| १ | त्रिवेणी विकास बैंक लि. | २०६८।०९।२० | ६७.८५ | एस क्यापिटल लि. |
| २ | कन्काई विकास बैंक लि. | २०६९।०१।१३ | ६०.०० | ग्रोमोर मर्चेन्ट बैंकर लि. |
| ३ | वागेश्वरी डेभलपमेन्ट बैंक लि. | २०६९।०२।११ | १४८.५० | एनएमवि क्यापिटल मर्चेण्ट बैंकिङ्ग लि. |
| | | **जम्मा** | २७६.३५ | |
| | **वित्त कम्पनी** | | | |
| १ | पाटन फाइनान्स लि. | २०६८।०४।१९ | ३३.०० | भिवोर क्यापिटल मर्चेण्ट बैंकिङ्ग लि |
| २ | युनिक फाइनान्स लि. | २०६८।०४।१३ | १००.०० | नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. |
| ३ | नवदुर्गा फाइनान्स फाइनान्स कं. लि. | २०६९।०२।१० | २५.३३ | ग्रोमोर मर्चेन्ट बैंकर लि. |
| ४ | नेपाल एक्सप्रेस फाइनान्स लि. | २०६९।०३।२४ | १७.०० | एनसिएम मर्चेण्ट बैंकिङ्ग लि. |
| | | **जम्मा** | १७५.३३ | |
| | | **कुल जम्मा** | ४५१.६८ | |

**(घ) संस्थापक सेयर दर्ता**

यस आर्थिक वर्षमा बोर्डले १ वाणिज्य बैंक, १२ विकास बैंक र २ वित्त कम्पनी गरी कुल १५ संगठित संस्थाको संस्थापक सेयर विक्री गर्न दर्ता गरेको छ। उक्त दर्ता भएको संस्थापक सेयरको कुल रकम रु. २ अर्ब ७५ करोड १५ लाख बराबरको रहेको छ । यस सम्बन्धी विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

### तालिका ५: संस्थापक सेयर दर्ता

(रु.दशलाखमा)

| क्र.सं. | संगठित संस्थाको नाम | दर्ता मिति | रकम |
|---|---|---|---|
| | **वाणिज्य बैंक** | | |
| १ | जनता बैंक नेपाल लि. | २०६८।१२।२३ | १४००.०० |
| | | **जम्मा** | **१४००.००** |
| | **विकास बैंक** | | |
| १ | बाग्मति डेभलपमेन्ट बैंक लि. | २०६८।०९।१४ | २६.५० |
| २ | नेपाल कन्ज्युमर डेभलपमेन्ट बैंक लि. | २०६८।१२।०१ | १४०.०० |
| ३ | फर्ष्ट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लि. | २०६८।११।३० | ७०.०० |
| ४ | समिट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लि. | २०६८।१२।१० | १७.५० |
| ५ | मेट्रो डेभलपमेन्ट बैंक लि. | २०६९।०१।०७ | ७०.०० |
| ६ | कञ्चन डेभलपमेन्ट बैंक लि. | २०६९।०१।१४ | ७०.०० |
| ७ | गुल्मी विकास बैंक लि. | २०६९।०१।१५ | १७.५० |
| ८ | टुरिजम डेभलपमेन्ट बैंक लि. | २०६९।०१।१८ | ४००.०० |
| ९ | प्यासेफिक डेभलपमेन्ट बैंक लि. | २०६९।०१।२७ | ३९.०० |
| १० | राइजिंग डेभलपमेन्ट बैंक लि. | २०६९।०२।१४ | १४०.०० |
| ११ | पश्चिमाञ्चल ग्रामिण विकास बैंक लि. | २०६९।०३।११ | ६६.०० |
| १२ | खाँदबारी डेभलपमेन्ट बैंक लि. | २०६९।०३।१८ | ३५.०० |
| | | **जम्मा** | **१०९१.५०** |
| | **वित्त कम्पनी** | | |
| १ | मञ्जुश्री फाइनान्सियल इन्स्टिच्युशन लि. | २०६८।०९।१८ | १४०.०० |
| २ | लोटस इन्भेष्टमेन्ट फाइनान्स लि. | २०६९।०१।२८ | १२०.०० |
| | | **जम्मा** | **२६०.००** |
| | | **कुल जम्मा** | **२७५१.५०** |

### (ङ) बिक्री प्रस्ताव (अफर डकुमेन्ट) स्वीकृती

यस आर्थिक वर्षमा बोर्डले १ वित्त कम्पनीको बिक्री प्रस्ताव (अफर डकुमेन्ट) दर्ता गरी संस्थापक सेयर बिक्री गर्न अनुमति प्रदान गरेको छ। उक्त संस्थापक सेयर एउटै कम्पनीको विभिन्न मितिहरूमा दर्ता गरिएको र यो संख्या कुल ४९९,१३१ बराबरको रहेको छ। यस सम्बन्धी विवरण तालिका ६ मा प्रस्तुत गरिएको छ।

### तालिका ६ : बिक्री प्रस्ताव (संस्थापक) सयेर दर्ता

| क्र.सं. | संगठित संस्थाको नाम | दर्ता मिति | सेयर संख्या | निष्काशन तथा बिक्री प्रबन्धक |
|---|---|---|---|---|
| १ | अन्नपूर्ण फाइनान्स कं. लि. | २०६८।११।१६<br>२०६८।११।१६ | ३६०,३७१<br>१३८,७६० | एलिट क्यापिटल लि. |
| | | **जम्मा** | ४९९,१३१ | |

### (च) बोनस सेयर दर्ता

यस आर्थिक वर्षमा बोर्डले १२ वाणिज्य बैंक, २४ वित्त कम्पनी, १२ विकास बैंक, ३ बीमा कम्पनी, १ जलविद्युत् र १ होटल गरी ५३ संगठित संस्थाको रु. ३ अर्ब ७६ करोड ८८ लाख बराबरको बोनस सेयर दर्ता गरेको छ। यस सम्बन्धी विवरण तालिका ७ मा प्रस्तुत गरिएको छ।

## तालिका ७: बोनस सेयर दर्ता

(रु.दशलाखमा)

| क्र.सं. | संगठित संस्थाको नाम | धितोपत्र दर्ता मिति | रकम |
|---|---|---|---|
| | **वाणिज्य बैंक** | | |
| १ | ग्लोबल बैंक लि. | २०६८।०१।०४ | १०१.४५ |
| २ | बैंक अफ काठमाण्डु लि. | २०६८।०७।२४ | २४४.७१ |
| ३ | सिटिजन बैंक इन्टनेशनल लि. | २०६८।०८।२६ | १०१.८४ |
| ४ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | २०६८।१०।२२ | ६०३.८३ |
| ५ | कुमारी बैंक लि. | २०६८।११।२१ | ११८.४५ |
| ६ | एभरेष्ट बैंक लि. | २०६८।११।२२ | ११२.०३ |
| ७ | डिसिविएल बैंक लि. | २०६८।१२।१९ | ७९.०९ |
| ८ | नेपाल एसविआई बैंक लि. | २०६८।१२।२८ | २३३.३८ |
| ९ | लुम्बिनी बैंक लि. | २०६९।०१।०७ | १३०.०० |
| १० | हिमालयन बैंक लि. | २०६९।०१।२५ | ४००.०० |
| ११ | लक्ष्मी बैंक लि. | २०६९।०१।२९ | ८०.५६ |
| १२ | सिद्धार्थ बैंक लि. | २०६९।०२।०७ | ४७.४५ |
| | | **जम्मा** | **२२५२.७९** |
| | **वित्त कम्पनी** | | |
| १ | गोर्खा फाइनान्स लि. | २०६८।०४।१६ | ९.०३ |
| २ | एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. | २०६८।०४।२३ | ५१.४५ |
| ३ | पश्चिमाञ्चल फाइनान्स कं. लि. | २०६८।०५।०७ | २९.७५ |
| ४ | एल्पिक एभरेष्ट फाइनान्स लि. | २०६८।०६।०५ | १४.२१ |
| ५ | काठमाण्डु फाइनान्स लि. | २०६८।०७।१४ | १८.२२ |
| ६ | यति फाइनान्स लि. | २०६८।०८।२६ | १७.२५ |
| ७ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स लि. | २०६८।०८।२६ | २०.९० |
| ८ | युनिभर्सल फाइनान्स लि. | २०६८।१०।२२ | ७.४० |
| ९ | शिखर फाइनान्स लि. | २०६८।१२।१५ | ३७.५० |
| १० | नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लि. | २०६८।१२।१५ | ५९.४२ |
| ११ | नेपाल आवास फाइनान्स लि. | २०६८।१२।२६ | ८.५० |
| १२ | नेपाल फाइनान्स लि. | २०६८।१२।२६ | ५३.६९ |
| १३ | एनआइडिसी क्यापिटल मार्केट्स लि. | २०६८।१२।२६ | ११.२१ |
| १४ | नेपाल एक्सप्रेस फाइनान्स लि. | २०६९।०१।०३ | १२.९३ |
| १५ | रोयल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | २०६९।०१।०७ | ३०.०३ |
| १६ | रियलायबल फाइनान्स लि. | २०६९।०१।१० | २३.३९ |
| १७ | प्रभु फाइनान्स लि. | २०६९।०१।१३ | ६१.२० |
| १८ | नागरिक लगानी कोष | २०६९।०१।१३ | ३५.०० |
| १९ | कास्की फाइनान्स लि. | २०६९।०१।१७ | ३०.७४ |
| २० | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | २०६९।०१।२७ | २०.३३ |
| २१ | आइएमई फाइनान्सियल इनष्टीचयुशन लि. | २०६९।०२।१९ | ७१.९७ |
| २२ | सिद्धार्थ फाइनान्स लि. | २०६९।०२।२८ | २६.३५ |
| २३ | गोर्खा फाइनान्स लि. | २०६९।०२।२२ | १४.९३ |
| २४ | आइसीएफसी फाइनान्स लि. | २०६९।०३।१८ | २६.८० |
| | | **जम्मा** | **६९१.९०** |
| | **विकास बैंक** | | |
| १ | एनडेप डेभलपमेन्ट बैंक लि. | २०६८।११।३० | ३६.३२ |
| २ | बिराटलक्ष्मी विकास बैंक लि. | २०६८।०७।१४ | १४.३७ |
| ३ | वेर्ष्टन डेभलपमेन्ट बैंक लि. | २०६८।०७।२४ | १०.०० |
| ४ | इन्फ्रास्ट्रकचर डेभलपमेन्ट बैंक लि. | २०६८।१२।२७ | ५२.८५ |

| क्र.सं. | संगठित संस्थाको नाम | धितोपत्र दर्ता मिति | रकम |
|---|---|---|---|
| ५ | रेसुङ्गा विकास बैंक लि. | २०६८।११।०४ | ९.१८ |
| ६ | गौरीशंकर डेभलपमेन्ट बैंक लि. | २०६८।०९।०६ | ११.९२ |
| ७ | एस डेभलपमेन्ट बैंक लि. | २०६९।०१।१७ | ४७.४१ |
| ८ | निर्धन उत्थान बैंक लि. | २०६९।०३।०६ | २७.४९ |
| ९ | सहयोगी विकास बैंक लि. | २०६९।०३।०७ | १५.०० |
| १० | सिटी डेभलपमेन्ट बैंक लि. | २०६९।०३।०८ | २०.०० |
| ११ | गण्डकी विकास बैंक लि. | २०६९।०३।११ | २०.०० |
| १२ | काष्ठमण्डप डेभलपमेन्ट बैंक लि. | २०६९।०३।१५ | १७.८९ |
| | | **जम्मा** | **२८२.४३** |
| | **बीमा कम्पनी** | | |
| १ | नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | २०६८।१०।२२ | ५१.४२ |
| २ | प्राइम लाइफ इन्स्योरेन्स कं. लि. | २०६९।०१।०४ | ७२.०० |
| ३ | नेको इन्स्योरेन्स कं. लि. | २०६८।०५।०९ | ५.०० |
| | | **जम्मा** | **१२८.४२** |
| | **जलविद्युत कम्पनी** | | |
| १ | चिलिमे हाइड्रो पावर कं. लि. | २०६९।०१।१३ | ३८३.४१ |
| | | **जम्मा** | **३८३.४१** |
| | **होटल** | | |
| १ | सोल्टी होटल लि. | २०६८।१०।२२ | २९.८५ |
| | | **जम्मा** | **२९.८५** |
| | | **कुल जम्मा** | **३७६८.८०** |

## अनुमतिपत्र प्रदान तथा नवीकरण

### (क) धितोपत्र दलालको अनुमतिपत्र नवीकरण

धितोपत्र दलाल व्यवसायीहरूबाट उक्त कम्पनीहरूको अनुमतिपत्र नबीकरणको लागि निवेदन प्राप्त भएकोमा धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को व्यवस्था बमोजिम ३८ वटा धितोपत्र दलाल व्यवसायीहरूको अनुमतिपत्र नवीकरण गरिएको छ। बोर्डबाट अनुमति प्राप्त दलाल व्यवसायीहरूको नामावली अनुसूची २ मा प्रस्तुत गरिएको छ।

### (ख) धितोपत्र दलाल व्यवसाय गर्न अनुमतिपत्र प्रदान

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को व्यवस्था बमोजिम धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्रको लागि नेपाल स्टक एक्सचेञ्जले सिफारिस गरेको ३२ वटा नयाँ कम्पनीहरूबाट निवेदन प्राप्त भएकोमा आर्थिक वर्ष २०६८।६९ मा ११ वटा कम्पनीहरूले नियमावलीको व्यवस्था पुरा गरेकोले उक्त कम्पनीहरूलाई अनुमति पत्र प्रदान गरिएको छ। नयाँ तथा पुराना समेत गरी हाल बजारमा धितोपत्र दलाल व्यवसायीहरूको कुल संख्या ५०* पुगेको छ। नेपाल स्टक एक्सचेञ्जको कारोबार प्रणालीको क्षमता विस्तार भएमा देशका विभिन्न भागमा धितोपत्र कारोबार सेवा उपलब्ध गराउन बोर्डले थप धितोपत्र दलाल व्यवसायीहरूको प्रवेश गराउने सोच राखेको छ।

(* बोर्डबाट ५० वटा धितोपत्र दलाललाई अनुमतिपत्र प्रदान गर्ने निर्णय भएकोमा एक दलाल कम्पनीले अनुमतिपत्र लिन बाँकी रहेको।)

**(ग) नेपाल स्टक एक्सचेञ्ज लि. को अनुमतिपत्र नवीकरण**

नेपाल स्टक एक्सचेञ्ज लि. बाट अनुमतिपत्र नवीकरणका लागि निवेदन प्राप्त भएकोमा धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को व्यवस्था अनुसार उक्त एक्सचेञ्जको अनुमतिपत्र नवीकरण गरिएको छ ।

**(घ) मर्चेन्ट बैंकिङ्ग कार्य गर्न अनुमतिपत्र प्रदान**

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को व्यवस्था बमोजिम यस आर्थिक वर्षमा बोर्डले तालिका ८ अनुसारका कम्पनीहरूलाई मर्चेन्ट बैंकिङ्ग कार्य गर्न अनुमतिपत्र प्रदान गरेको छ ।

**तालिका ८ः अनुमति प्रदान गरिएका मर्चेन्ट बैंकरहरू**

| क्र.सं. | नाम | व्यवसाय | अनुमति प्रदान मिति |
|---|---|---|---|
| १ | नागरिक लगानी कोष<br>नयाँ वानेश्वर, काठमाडौं | १. धितोपत्र प्रत्याभूति | २०६८।१०।१५ |
| २ | स्टक म्यानेजमेन्ट एण्ड डि पि लि.<br>पुरानो वानेश्वर, काठमाडौं | १. सेयर रजिष्ट्रेशन | २०६८।१२।३० |
| ३ | एन. आई. वि. एल. क्यापिटल मार्केट्स लि.<br>लाजिम्पाट, काठमाडौं | १. निष्काशन तथा बिक्री प्रबन्ध<br>२. धितोपत्र प्रत्याभूति<br>३. सेयर रजिष्ट्रेशन<br>४. लगानी व्यवस्थापन | २०६९।०३।०४ |

**(ङ) मर्चेन्ट बैंकरको अनुमतिपत्र नवीकरण**

बोर्डले यस आर्थिक वर्षमा धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को व्यवस्था बमोजिम यस आर्थिक वर्षमा १२ वटा मर्चेन्ट बैंकरहरूको अनुमतिपत्र नवीकरण गरेको छ । बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरहरूको नामावली अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

## सामुहिक लगानी कोष दर्ता

बोर्डले यस आर्थिक वर्षमा सामुहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम सिद्धार्थ बैंक लि. को प्रवर्द्धकत्वमा सिद्धार्थ म्युचूअल फण्ड र नविल बैंक लि. को प्रवर्द्धकत्वमा नविल म्युचूअल फण्ड सञ्चालन गर्नका लागि कोष दर्ता गरेको छ । साथै सामुहिक लगानी कोषको व्यवस्थापन गर्न तथा कोषको डिपोजिटरीको रूपमा कार्य गर्न सिद्धार्थ क्यापिटल लि. र नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. बाट निवेदन प्राप्त भएकोमा सो को अध्ययन कार्य अन्तिम चरणमा रहेको छ ।*

सामूहिक लगानी कोषहरूको प्रवेशलाई प्रोत्साहित गर्न बोर्डले कोषको आयमा कर नलाग्ने व्यवस्था गर्न तथा सर्वसाधारण लगानीकर्ताहरूलाई समेत कोषमार्फत धितोपत्रमा लगानीका लागि प्रोत्साहन गर्न कोषले प्रदान गर्ने प्रतिफलमा समेत कर नलाग्ने व्यवस्था गर्न नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गरेको छ ।

(* हाल उक्त कम्पनीहरूलाई अनुमतिपत्र प्रदान गरिएको छ ।)

## धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमति

बोर्डले धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को व्यवस्था बमोजिम केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने अनुमतिको लागि सिडिएस एण्ड क्लियरिङ्ग लि. को निवेदन प्राप्त भएकोमा उक्त कम्पनीलाई धितोपत्र केन्द्रीय निक्षेप सेवा

सञ्चालन गर्न मिति २०६८।०५।०७ मा अनुमति प्रदान गरेको छ । यसबाट नेपालमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न बाटो खुला भएको छ र यसबाट अब धितोपत्र कारोबार राफसाफ तथा नामसारीको हाल कायम रहेको मानवीय श्रममा आधारित प्रणालीलाई विद्युतीय प्रणालीले प्रतिस्थापन गर्ने र यसबाट धितोपत्र कारोबार राफसाफ तथा नामसारी सम्बन्धी कार्यहरू शिघ्र रूपमा सम्पादन भई पुँजी बजारको विकास-विस्तारमा गुणात्मक सहयोग पुग्ने बोर्डले विश्वास लिएको छ ।

### निक्षेप सदस्य दर्ता

बोर्डले सिभिल क्यापिटल मार्केट लि., एस क्यापिटल लि., लक्ष्मी क्यापिटल मार्केट लि., नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि., एनएमबि क्यापिटल लि. र स्टक म्यानेजमेन्ट एण्ड डि.पि. लि. लाई निक्षेप सदस्यको रूपमा दर्ता गरी प्रमाणपत्र प्रदान गरेको छ । साथै बोर्डले नेपाल राष्ट्र बैंकसँग आवश्यक समन्वय गरी "क" वर्गका वाणिज्य बैंकहरूले निक्षेप सदस्यको रूपमा कार्य गर्न सक्ने व्यवस्था गरेको छ । यस्ता निक्षेप सदस्यहरू मार्फत लगानीकर्ताहरूले धितोपत्रमा लगानी गर्न डिम्याट एकाउन्ट खोली धितोपत्रको केन्द्रीय निक्षेप प्रणालीमा आवद्ध हुने अवसर प्राप्त भएको छ ।

### क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सैद्धान्तिक सहमति

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम ICRA Ltd. बाट क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सहमतिपत्रको लागि निवेदन प्राप्त भएकोमा उक्त कम्पनीलाई क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सैद्धान्तिक सहमति दिइएको छ । साथै ICRA Ltd. प्रमुख सेयरधनी रही स्थापना भएको ईक्रा नेपाल लि. ले क्रेडिट रेटिङ्ग व्यवसाय गर्ने अनुमतिपत्रका लागि बोर्ड समक्ष निवेदन दिएकोमा बोर्डले उक्त कम्पनीलाई क्रेडिट रेटिङ्ग सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गर्न सूचीत गरेको छ । **

(** हाल उक्त कम्पनीलाई क्रेडिट रेटिङ्ग व्यवसाय गर्न अनुमति प्रदान गरिसकिएको छ ।)

### मर्चेन्ट बैंकरले राख्नुपर्ने विवरण तथा बोर्डमा पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचा लागू

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को ब्यवस्था बमोजिम मर्चेन्ट बैंकरहरूले आफूले राख्नुपर्ने विवरणहरू तथा बोर्डमा पेश गर्नुपर्ने प्रतिवेदनहरूमा एकरूपता ल्याई मर्चेन्ट बैंकरहरूको कामकारवाहीमा पारदर्शिता अभिबृद्धि गर्न त्यस्ता विवरण तथा प्रतिवेदनहरूको ढाँचा विकास गर्न आवश्यक भएको र नेपाल राजपत्रमा सूचना प्रकाशित भई बैंक तथा वित्तीय संस्थाहरूले सहायक कम्पनी स्थापना गरेर मात्र मर्चेन्ट बैकरको रूपमा कार्य गर्न पाउने तथा त्यस्ता कम्पनीहरूले लङ्ग फर्म अडिट रिपोर्ट समेत पेश गर्नुपर्ने ब्यवस्था लागू भएकोमा सोही अनुसार लङ्ग फर्म अडिट रिपोर्टको ढाँचा तोक्नुपर्ने आवश्यकता समेत भए बमोजिम बोर्डले मर्चेन्ट बैंकरहरूले राख्नुपर्ने विवरणहरू तथा बोर्डमा पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचा विकास गरी धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम २५ तथा २६ को व्यवस्था बमोजिम मिति २०६८।०५।०५ देखि लागू गरेको छ ।

### कानुनी व्यवस्था तथा कानुन प्रवलीकरण

**(क) नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ लागू**

धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था बमोजिम बोर्डले नेपाल धितोपत्र बोर्डको कर्मचारी सेवा शर्त सम्बन्धी नियमावली, २०६८ बनाई नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृती लिई मिति २०६८।०५।०१ देखि लागू गरेको छ । उक्त नियमावलीमा कतिपय कुराहरू थप एवं संशोधन हुनुपर्ने आवश्यकता महसुस गरी संशोधनको लागि मस्यौदा समेत तयार गरिएको छ ।

**(ख) धितोपत्र बाँडफाँट निर्देशिका, २०६८ लागू**

धितोपत्रको बाँडफाँट प्रक्रियालाई थप पारदर्शी एवं समसामयिक बनाउन साविकको सेयर बाँडफाँट सम्बन्धी निर्देशिका, २०५१ खारेज गरी मिति २०६८।०४।२२ देखि नयाँ धितोपत्र बाँडफाँट निर्देशिका, २०६८ लागू गरिएको छ। उक्त निर्देशिका बमोजिम आवेदकहरूलाई आवेदनको आधारमा समानुपातिक रूपमा सेयर बाँडफाँट हुने व्यवस्था गरिएकाले एकै व्यक्तिले धेरै जनाको नामबाट आवेदन दिने विद्यमान समस्यालाई न्यूनिकरण गरी वास्तविक लगानीकर्ताले सेयर प्राप्त गर्ने अवसरमा वृद्धि गर्न तथा निष्काशन लागतमा समेत कमी ल्याई पुँजी बजारको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सहयोग पुग्न विश्वास लिइएको छ।

**(ग) धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ स्वीकृत**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को व्यवस्था बमोजिम सिडिएस एण्ड क्लियरिङ्ग लि. ले धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ बनाई स्वीकृतीका लागि बोर्ड समक्ष पेश गरेकोमा उक्त विनियमावलीमा आवश्यक सुधार एवं संशोधन गरी बोर्डले मिति २०६८।०९।१३ मा स्वीकृत प्रदान गरेको छ। उक्त विनियमावली स्वीकृत भएपछि सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न बाटो खुला भएको छ।

**(घ) बस्तु बजारलाई नियमन गर्न धितोपत्र सम्बन्धी ऐनमा संशोधन प्रस्ताव**

नेपालको वस्तु बजार (कमोडिटि मार्केट) लाई समेत नियमन गर्न आवश्यक व्यवस्थाहरू समावेश गरी धितोपत्र सम्बन्धी ऐन, २०६३ मा पहिलो संसोधन गर्ने प्रस्ताव नेपाल सरकार समक्ष पेश गरिएको छ।

**(ङ) सामूहिक लगानी कोष सम्बन्धी नियमावली, २०६७ मा पहिलो संशोधन**

नेपाल सरकार अर्थ मन्त्रालयको आर्थिक विकास र समृद्धि एवं सुशासनको विस्तृत कार्ययोजना, २०६८ को बुँदा नं. १६ मा सामुहिक लगानी कोष सञ्चालनका लागि प्रोत्साहन गर्ने, NRN को लगानी भित्र्याउन तथा Sponsor र Fund Manager को सामूहिक लगानी कोष स्थापनामा हुने लगानी व्यवस्थाहरूमा समसामयिक सुधार गर्न नियमावलीमा सुधार गर्ने कार्ययोजना रहेको र नेपाल सरकारको आर्थिक वर्ष २०६८।६९ को वजेट वक्तव्यमा समेत सामुहिक लगानी योजना सञ्चालनलाई प्रोत्साहनका लागि सहुलियत दिइने व्यवस्था घोषणा भएको सन्दर्भमा सामूहिक लगानी कोषलाई प्रदान गर्न उपयुक्त हुने सहुलियत व्यवस्थाहरू तथा सामूहिक लगानी कोष नियमावली, २०६७ मा गर्नुपर्ने संशोधनको प्रस्ताव तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाइएकोमा तहाँबाट स्वीकृत भै आए बमोजिम मिति २०६९।०३।१४ देखि सामूहिक लगानी कोष सम्बन्धी नियमावली, २०६७ मा पहिलो संशोधन लागू गरिएको छ।

**(च) सामूहिक लगानी कोष निर्देशिका, २०६९ मस्यौदा**

सामूहिक लगानी कोष सञ्चालन व्यवस्थालाई नियमित तथा व्यवस्थित गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था अनुसार बोर्डले सामूहिक लगानी कोष निर्देशिका, २०६९ बनाई लागु गर्ने प्रकृयामा रहेको छ।

**(छ) स्टक एक्सचेञ्ज सम्बन्धी विनियमावली स्वीकृत**

नेपाल स्टक एक्सचेञ्जबाट स्वीकृतीको लागि प्राप्त आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावली, कर्मचारी प्रशासन विनियमावली स्वीकृत गरिएको छ। साथै उक्त एक्सचेञ्जबाट स्वीकृतिका लागि बोर्डमा पेश भएका सूचीकरण विनियमावली र कारोबार तथा हिसाब राफसाफ विनियमावलीको अध्ययन भइरहेको छ।

## कानुन प्रवलीकरण

### (क) बोर्ड विरुद्ध परेको मुद्दाको किनारा

यस आर्थिक वर्षमा बोर्ड समेत विपक्षी भएका ८ वटा मुद्दामा बोर्डको तर्फबाट प्रतिरक्षा भैरहेकोमा युनिटी लाइफ इन्टरनेशनल समेतका ४ वटा रिट निवेदन खारेज भएको छ र मिति २०६८।११।२२ मा रोजन कर्माचार्य विरुद्ध बोर्ड समेत भएको मुद्दामा रिट जारी भएको र फैसलाको पूर्णरूप प्राप्त भएको छ ।

### (ख) गुनासो समाधान

यस आर्थिक वर्षमा बोर्डमा धितोपत्र कारोबार, संस्थापक सेयर नामसारी, सिडिएससिको विनियमावली र सेयरधनी दर्ता किताब बन्द सम्बन्धमा चारवटा गुनासा प्राप्त भएको र गुनासो समाधानको लागि आवश्यक जानकारी माग गरी तीनवटा गुनासाहरू समाधान भएको छ ।

## सुपरीवेक्षण तथा अनुगमन

### (क) मर्चेन्ट बैंकरको अनुगमन

धितोपत्र बजारका मर्चेन्ट बैंकरले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र आफूले गरेको धितोपत्र कारोबार सहित नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०६७।६८ को विवरण बोर्ड समक्ष पेश गर्ने मर्चेन्ट बैंकरहरू सम्बन्धी विवरण तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : मर्चेन्ट बैंकरको विवरण प्रवाह**

(रु.दशलाखमा)

| क्र.सं. | निष्काशन तथा बिक्री प्रबन्धक | विवरण (आर्थिक वर्ष २०६७।६८) | | कारोबार सम्बन्धी विवरण | |
|---|---|---|---|---|---|
| | | प्राप्त मिति | वित्तीय विवरण | निष्काशन तथा बिक्री प्रबन्ध रकम (२०६८।६९) | निष्काशन तथा बिक्री प्रबन्ध गरेको कम्पनी संख्या (२०६८।६९) |
| १ | एनएमबि क्यापिटल लि. | २०६८।०५।१५ | ✓ | ८०८.५०* | ३ |
| २ | एस क्यापिटल लि. | २०६८।०६।१० | ✓ | १५७.८५ | ३ |
| ३ | सिभिल क्यापिटल मार्केट्स लि. | २०६८।०५।२१ | ✓ | १,१११.००* | ५ |
| ४ | नागरिक लगानी कोष | - | | ९६०.००* | ३ |
| ५ | एन.सि.एम. मर्चेण्ट बैंकिङ्ग लि. | २०६८।०६।३० | ✓ | ३४७.००* | ३ |
| ६ | ग्रोमर मर्चेण्ट बैंक लि. | २०६८।०६।०३ | ✓ | १४१.८३ | ५ |
| ७ | एन.एस.एम. मर्चेण्ट बैंकिङ्ग एण्ड इन्भेष्टमेन्ट लि. | - | - | - | - |
| ८ | अरनिको क्यापिटल म्यानेजमेन्ट कं. लि. | २०६८।०६।०१ | ✓ | - | - |
| ९ | लक्ष्मी क्यापिटल मार्केट लि. | २०६८।०६।२६ | ✓ | - | - |
| १० | नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. | २०६८।०५।२७ | ✓ | ९२१.०० | ४ |
| ११ | विड इन्भेष्टमेन्ट लि. | - | - | - | - |
| १२ | भिवोर क्यापिटल लि. | - | - | ३३.०० | १ |
| १३ | इन्भेष्टमेन्ट म्यानेजमेन्ट मर्चेण्ट बैंकर लि. | - | - | - | - |
| १४ | एलिट क्यापिटल लि. | २०६८।०६।२९ | ✓ | ३०.०० | १ |

* एन.सि.एम.एल., नागरिक लगानी कोष र एन.एम.वि. क्यापिटल मार्केट्सको संयुक्त निष्काशन तथा बिक्री प्रबन्धकत्वमा सार्वजनिक निष्काशन गरिएको रु. ९६ करोड समेत समावेश गरिएको ।

यस आर्थिक वर्षमा १४ निष्काशन तथा बिक्री प्रबन्धकहरू मध्ये ९ वटाले मात्र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध गरेका छन् ।

**(ख) धितोपत्र विनिमय बजारको विवरण प्रवाहको अनुगमन**

नेपाल स्टक एक्सचेञ्ज लि. ले बोर्डमा प्रस्तुत गर्नुपर्ने विभिन्न विवरणहरू मध्ये आर्थिक वर्ष २०६७।६८ को वार्षिक प्रतिवेदन र साधारण सभाको निर्णय मात्र बोर्ड समक्ष पेश गरेको छ। नेपाल स्टक एक्सचेञ्ज लि. ले आर्थिक वर्ष २०६८।६९ मा बोर्ड समक्ष पेश गरेको विवरण सम्बन्धी जानकारी तालिका १० मा प्रस्तुत गरिएको छ।

**तालिका १० : नेपाल स्टक एक्सचेञ्ज लि. को विवरण प्रवाह**

| क्र.सं. | विवरण | प्राप्त मिति |
|---|---|---|
| १ | वार्षिक प्रतिवेदन (२०६७।६८) | २०६८।१०।०३ |
| २ | लेखा परीक्षण प्रतिवेदन (२०६७।६८) | - |
| ३ | वार्षिक साधारण सभा (२०६७।६८) को निर्णय सम्बन्धी विवरण | २०६९।०२।१२ |
| ४ | त्रैमासिक प्रतिवेदन (२०६८।६९)<br>प्रथम<br>द्वितीय<br>तृतीय | <br>-<br>-<br>- |
| ५ | कारवाही विवरण | - |
| ६ | धितोपत्र दलाल निरीक्षण प्रतिवेदन | - |
| ७ | वार्षिक धितोपत्र कारोबार सम्बन्धी विवरण (२०६७।६८) | - |

नियमानुसार बोर्डमा पेश गर्नुपर्ने विवरणहरू पेश नगरेको सम्बन्धमा बोर्डले स्टक एक्सचेञ्जसँग ताकेता गर्दै आएको छ।

**(ग) धितोपत्र कारोबारको अनुगमन**

धितोपत्र बजारमा हुने दैनिक धितोपत्र कारोबारको अनुगमनका लागि बोर्डले नेपाल स्टक एक्सचेञ्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत तत्कालै सुपरीवेक्षण गर्ने प्रणाली (Real Time Surveillance) विकास गरी कारोबार भैरहेको विवरणको अध्ययन गरी शंकास्पद कारोबार नोट गर्ने तथा आवश्यकता अनुरूप सम्बन्धित धितोपत्र दलाललाई विवरण स्पष्ट गर्न लगाउने गरिएको छ। उक्त प्रणाली मार्फत बोर्डले प्रत्येक दिन धितोपत्र कारोबार गर्ने व्यक्ति तथा संस्था लगायत कारोबार भएका संगठित संस्था, कारोबार मूल्य र सेयर संख्या सम्बन्धमा निरन्तर अनुगमन गर्ने गरिएको छ।

धितोपत्रको दोस्रो बजार कारोबार अनुगमनका क्रममा दैनिक कारोबार सम्बन्धी संक्षिप्त प्रतिवेदन, साप्ताहिक कारोबारको संक्षिप्त प्रतिवेदन, बल्क कारोबार सम्बन्धी प्रतिवेदन, साप्ताहिक रूपमा धितोपत्र दलालहरूको कुल कारोबार रकम सम्बन्धी संक्षिप्त विवरण, तीन महिनाभन्दा बढी समयसम्म कारोबार हुन नसकेका धितोपत्रहरूको विवरण, संस्थापक सेयर कारोबारको अभिलेख तयार गर्नुका साथै नियमित रूपमा आवश्यकता अनुसार मर्चेन्ट बैंकरहरूले गर्ने कारोबारको अभिलेख तयार गर्ने गरिएको छ। नेप्सेमा हुने दैनिक कारोबार, ATO, AON तथा ATC मा रहेको आदेश हेरिएको छ। कारोबार प्रणालीबाट विवरणपत्र प्राप्त गर्ने तथा सोको विश्लेषण गर्ने सम्बन्धमा दैनिक रूपमा Brokerwise Floorsheet तथा Public Orderbook Download गरी सुपरीवेक्षण गरिएको छ।

(घ) **धितोपत्र दलाल व्यवसायीको अनुगमन**

**धितोपत्र दलाल कम्पनीको विवरण प्रवाहको अनुगमन**

धितोपत्र दलालले आफ्नो धितोपत्र कारोबार लगायत नाफा नोक्सान हिसाब, वासलात, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस आर्थिक वर्षमा ४१ धितोपत्र दलालहरूले आर्थिक वर्ष २०६७।६८ को वार्षिक विवरण बोर्ड समक्ष पेश गरेका छन् । ८ वटा नयाँ धितोपत्र दलालहरूले यस आर्थिक वर्षमा वित्तीय विवरण पेश गर्नु नपर्ने भएकोले उक्त दलाल कम्पनीहरूको कारोबार विवरण मात्र समावेश गरिएको छ । धितोपत्र दलालहरूको विवरण प्रवाह सम्बन्धी विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : धितोपत्र दलाल व्यवसायीहरूको विवरण प्रस्तुति**

(रु.दशलाखमा)

| क्र.सं. | धितोपत्र दलाल व्यवसायीहरूको नाम | वार्षिक विवरण (आर्थिक वर्ष २०६७।६८) | | | वार्षिक* कारोबार (२०६७।६८) |
|---|---|---|---|---|---|
| | | प्राप्त मिति | विवरण: प्रतिवेदन/ वित्तीय विवरण | विवरण: कारोबार सम्बन्धी विवरण | |
| १ | नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज ट्रेडिङ्ग (प्रा.) लि. | २०६८।०७।२७ | वार्षिक प्रतिवेदन | √ | ७७६.४४ |
| २ | अग्रवाल सेक्युरिटिज (प्रा.) लि. | २०६८।०७।२० | वित्तीय विवरण | √ | २०८६.७५ |
| ३ | प्रज्ञान सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | ७३२.५३ |
| ४ | श्रीकृष्ण सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | ८२३.०१ |
| ५ | नेपाल स्टक हाउस (प्रा.) लि. | २०६८।०६।३० | वित्तीय विवरण | √ | ८९७.११ |
| ६ | अरुण सेक्युरिटिज (प्रा.) लि. | २०६८।०९।२७ | वार्षिक प्रतिवेदन | √ | १९२.०२ |
| ७ | थ्राइभ ब्रोकरेज हाउस (प्रा.) लि. | २०६८।०६।३० | वित्तीय विवरण | √ | ८३४.४४ |
| ८ | स्टक ब्रोकर ओपल सेक्युरिटिज इन्भेष्टमेन्ट (प्रा.) लि. | २०६८।०९।२७ | वार्षिक प्रतिवेदन | √ | २७९.६९ |
| ९ | कुमारी सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | ७११.०० |
| १० | सिप्ला सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।२९ | वार्षिक प्रतिवेदन | √ | ५९६.५८ |
| ११ | सिप्रवी सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।३० | वित्तीय विवरण | √ | ५६६.१७ |
| १२ | श्वेता सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | ७२३.७४ |
| १३ | आशुतोष ब्रोकरेज सेक्युरिटिज (प्रा.) लि. | २०६८।०७।०६ | वार्षिक प्रतिवेदन | √ | ६१२.७१ |
| १४ | त्रिशूल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट लि. | २०६८।०६।३० | वित्तीय विवरण | √ | ६६१.०८ |
| १५ | मल्ल एण्ड मल्ल स्टक ब्रोकिङ्ग कं. (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | ३१५.८९ |
| १६ | मिडास स्टक ब्रोकिङ्ग कं. (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | १२८.६८ |
| १७ | प्रिमियर सेक्युरिटिज कं. (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवदेन | √ | ६५१.९० |
| १८ | जे.एफ. सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | ३९१.२४ |
| १९ | एसियन सेक्युरिटिज (प्रा.) लि. | २०६८।१०।०३ | वार्षिक प्रतिवेदन | √ | १९३.४१ |
| २० | प्राइमो सेक्युरिटिज (प्रा.) लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | ८६६.११ |
| २१ | सगरमाथा सेक्युरिटिज (प्रा.) लि. | २०६८।०९।२२ | वार्षिक प्रतिवेदन | √ | ४७८.२६ |
| २२ | ए.बि.सी सेक्युरिटिज लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | २४१३.५३ |
| २३ | मार्केट सेक्युरिटिज एण्ड एक्स्चेञ्ज (प्रा.) लि. | २०६८।०९।२२ | वित्तीय विवरण | √ | २६५.५१ |
| २४ | निभ सेक्युरिटिज प्रा. लि. | २०६८।०५।०८ | वित्तीय विवरण | √ | १६०.१४ |

| क्र.सं. | धितोपत्र दलाल व्यवसायीहरूको नाम | वार्षिक विवरण (आर्थिक वर्ष २०६७।६८) | | | वार्षिक* कारोबार (२०६७।६८) |
|---|---|---|---|---|---|
| | | प्राप्त मिति | विवरण | | |
| | | | प्रतिवेदन/ वित्तीय विवरण | कारोबार सम्बन्धी विवरण | |
| २५ | सुमेरु सेक्युरिटिज प्रा.लि. | २०६८।०६।१५ | वित्तीय विवरण | √ | १७६.७४ |
| २६ | इम्पेरियल सेक्युरिटिज प्रा.लि. | २०६८।०६।१२ | वार्षिक प्रतिवेदन | √ | ४९५.०३ |
| २७ | कालिका सेक्युरिटिज प्रा.लि. | २०६८।०६।३० | वित्तीय विवरण | √ | १५२.५९ |
| २८ | श्वणलक्ष्मी सेक्युरिटिज प्रा.लि. | २०६८।०६।२९ | वित्तीय विवरण | √ | २२.५९ |
| २९ | दक्षिणकाली सेक्युरिटिज प्रा.लि. | २०६८।०६।३० | वार्षिक प्रतिवेदन | √ | २०३.७१ |
| ३० | दिपशिखा धितोपत्र कारोबार कं.प्रा.लि. | २०६८।०८।०७ | वार्षिक प्रतिवेदन | √ | २६४.१६ |
| ३१ | कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि. | २०६८।०६।३० | वित्तीय विवरण | √ | १९७.९१ |
| ३२ | डायनामिक मोनी म्यानेजरस् सेक्युरिटिज प्रा.लि. | २०६८।०६।३० | वितीय विवरण | √ | ४३९.२० |
| ३३ | भिजन सेक्युरिटिज प्रा.लि. | २०६८।०६।२९ | वित्तीय विवरण | √ | २१३.८० |
| ३४ | सेक्युएर सेक्युरिटिज प्रा.लि. | २०६८।०६।२९ | वित्तीय विवरण | √ | २३८.२९ |
| ३५ | सनी सेक्युरिटिज कं.प्रा.लि. | २०६८।०६।२९ | वित्तीय विवरण | √ | २७४.८९ |
| ३६ | साउथ एशियन बुल्स प्रा.लि. | २०६८।०६।२९ | वित्तीय विवरण | √ | २५५.८६ |
| ३७ | लिंच स्टक मार्केट लि. | २०६८।०६।३० | वित्तीय विवरण | √ | १२९.०५ |
| ३८ | क्रिएटिभ सेक्युरिटिज प्रा.लि. | २०६८।०६।२६ | वित्तीय विवरण | √ | ४४९.८१ |
| ३९ | त्रिशक्ति सेक्युरिटिज प्रा.लि. | २०६८।०९।१४ | वित्तीय विवरण | √ | १८४.७८ |
| ४० | त्रिस्टल कञ्चनजङ्गा सेक्युरिटिज प्रा.लि. | २०६८।०७।०६ | वार्षिक प्रतिवेदन | √ | २५४.४६ |
| ४१ | अनलाइन सेक्युरिटिज प्रा.लि. | २०६८।१०।०३ | वित्तीय विवरण | √ | ६०.४४ |
| ४२ | इन्भेष्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रा. लि. | - | - | √ | ६.२३ |
| ४३ | सेवा सेक्युरिटिज प्रा.लि. | - | - | √ | ८.४४ |
| ४४ | अक्सफोर्ड सेक्युरिटिज प्रा.लि. | - | - | √ | ८३.१८ |
| ४५ | सुन्धारा सेक्युरिटिज प्रा.लि. | - | - | √ | ४८.०४ |
| ४६ | भृकुटी स्टक ब्रोकिङ्ग कं.प्रा.लि. | - | - | √ | ७७.२६ |
| ४७ | श्रीहरि सेक्युरिटिज प्रा. लि. | - | - | √ | ९८.०१ |
| ४८ | आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा. लि. | - | - | - | - |
| ४९ | नासा सेक्युरिटिज लि. | - | - | - | - |
| | | | | जम्मा | २०६९२.४१ |

* खरिद तथा बिक्री रकम समावेश गरिएको ।

* * अन्नपूर्ण सेक्युरिटिज सर्भिस (प्रा) लि. बाट नाम परिवर्तन भएको ।

## धितोपत्र दलाल व्यवसायीहरूको त्रैमासिक विवरण प्रवाह

बोर्डले यस आर्थिक वर्षमा २० धितोपत्र दलाल व्यवसायीले प्रथम त्रैमासिक, ३८ दलाल व्यवसायीले दोस्रो त्रैमासिक, ४३ धितोपत्र दलाल व्यवसायीले तेस्रो त्रैमासिक विवरण बोर्डसमक्ष पेश गरेका छन् । यस सम्वन्धी विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका १२: आर्थिक वर्ष २०६८।६९ को त्रैमासिक विवरण पेश गर्ने धितोपत्र दलाल व्यवसायीहरू**

| क्र.सं. | धितोपत्र दलाल व्यवसायीको नाम | प्रथम त्रैमासिक विवरण पेश गरेको मिति | दोस्रो त्रैमासिक विवरण पेश गरेको मिति | तेस्रो त्रैमासिक विवरण पेश गरेको मिति | चौथो त्रैमासिक विवरण पेश गरेको मिति* |
|---|---|---|---|---|---|
| १ | अग्रवाल सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२६ | २०६९।०१।३१ | २०६९।०४।२९ |
| २ | प्रिमियर सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२७ | २०६९।०१।३१ | २०६९।०५।०३ |
| ३ | सिप्ला सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।०९ | २०६९।०१।३१ | २०६९।०४।२८ |
| ४ | श्वेता सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०४।३२ |
| ५ | थ्राइभ ब्रोकरेज हाउस प्रा.लि. | २०६८।०७।२५ | २०६८।१०।२६ | २०६९।०२।०१ | २०६९।०४।३० |
| ६ | त्रिशुल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट लि. | २०६८।०७।०७ | २०६८।१०।२२ | २०६९।०१।३१ | २०६९।०४।३० |
| ७ | सिप्रवी सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०४।३० |
| ८ | प्रज्ञान सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२७ | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०५।०३ |
| ९ | कुमारी सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२० | २०६९।०१।३१ | २०६९।०४।२४ |
| १० | मल्ल एण्ड मल्ल स्टक ब्रोकरिङ्ग कं.प्रा.लि. | २०६८।०७।२२ | २०६८।१०।२६ | २०६९।०१।२५ | २०६९।०४।२९ |
| ११ | आशुतोष ब्रोकरेज एण्ड सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०२।०२ | २०६९।०४।३२ |
| १२ | सगरमाथा सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०२।०१ | २०६९।०४।२९ |
| १३ | प्राइमो सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२५ | २०६९।०१।३१ | २०६९।०४।३० |
| १४ | मार्केट सेक्युरिटिज एक्सचेञ्ज कं.प्रा.लि. | - | २०६८।१०।२३ | २०६९।०२।०१ | २०६९।०५।०३ |
| १५ | नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज ट्रेडिङ्ग प्रा.लि. | २०६८।०७।०६ | २०६८।१०।१७ | २०६९।०१।१० | २०६९।०४।३० |
| १६ | ओपल सेक्युरिटिज ट्रेडिङ्ग प्रा.लि. | - | - | - | - |
| १७ | नेपाल स्टक हाउस प्रा.लि. | २०६८।०७।२४ | २०६८।१०।२४ | २०६९।०२।०१ | २०६९।०४।३० |
| १८ | अरुण सेक्युरिटिज प्रा.लि. | २०६८।०७।१४ | २०६८।१०।०९ | २०६९।०१।१० | २०६९।०५।०३ |
| १९ | श्रीकृष्ण सेक्युरिटिज लि. | २०६८।०७।०७ | २०६८।१०।१३ | २०६९।०१।३१ | २०६९।०४।२२ |
| २० | जे.एफ. सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२३ | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०४।३० |
| २१ | एबिसि सेक्युरिटिज प्रा.लि. | २०६८।०७।०८ | २०६८।११।०१ | २०६९।०२।०३ | २०६९।०४।३० |
| २२ | मिडास स्टक ब्रोकरिङ्ग कं.प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०२।०१ | २०६९।०४।२८ |
| २३ | एशियन सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२२ | २०६९।०१।०३ | २०६९।०४।२८ |
| २४ | निभ सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२५ | २०६८।१०।१२ | २०६९।०१।१७ | २०६९।०४।३० |
| २५ | सुमेरु सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२५ | २०६९।०१।३१ | २०६९।०४।२९ |
| २६ | इम्पेरियल सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२७ | २०६८।१०।२३ | २०६९।०१।१४ | २०६९।०५।०३ |
| २७ | कालिका सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२५ | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०४।२२ |
| २८ | श्वामालक्ष्मी सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०५।०३ |
| २९ | दक्षिणकाली सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२८ | २०६८।१०।२७ | २०६९।०१।३१ | २०६९।०४।३० |
| ३० | दिपशिखा धितोपत्र कारोबार कं.प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०२।०२ | २०६९।०५।०३ |
| ३१ | कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२५ | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०४।३० |
| ३२ | डायनामिक मोनी म्यानेजरस् सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०५।०३ |
| ३३ | भिजन सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२७ | २०६८।१०।२६ | २०६९।०१।३१ | २०६९।०४।३० |
| ३४ | सेक्युएर सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२७ | २०६८।१०।२६ | २०६९।०१।३१ | २०६९।०५।०३ |

| क्र.सं. | धितोपत्र दलाल व्यवसायीको नाम | प्रथम त्रैमासिक विवरण पेश गरेको मिति | दोस्रो त्रैमासिक विवरण पेश गरेको मिति | तेस्रो त्रैमासिक विवरण पेश गरेको मिति | चौथो त्रैमासिक विवरण पेश गरेको मिति* |
|---|---|---|---|---|---|
| ३५ | सानी सेक्युरिटिज कं.प्रा.लि. | - | - | - | - |
| ३६ | साउथ एशियन बुल्स प्रा.लि. | २०६८।०७।२७ | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०४।२४ |
| ३७ | लिंक स्टक मार्केट लि. | २०६८।०७।२८ | २०६८।१०।२६ | २०६९।०१।३१ | २०६९।०४।२९ |
| ३८ | क्रिएटिभ सेक्युरिटिज प्रा.लि. | २०६८।०७।२७ | २०६८।१०।२९ | २०६९।०२।०१ | २०६९।०४।३२ |
| ३९ | त्रिशक्ति सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।२९ | २०६९।०१।३१ | २०६९।०४।०८ |
| ४० | त्रिस्टल कञ्चनजङ्घा सेक्युरिटिज प्रा.लि. | - | २०६८।१०।१९ | २०६९।०१।३१ | २०६९।०४।२९ |
| ४१ | अनलाइन सेक्युरिटिज प्रा.लि. | - | - | - | २०६९।०५।०३ |
| ४२ | इन्भेष्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रा.लि. | - | - | २०६९।०१।३१ | २०६९।०४।३० |
| ४३ | सेवा सेक्युरिटिज प्रा.लि. | - | - | २०६९।०१।३१ | २०६९।०४।३० |
| ४४ | अक्सफोर्ड सेक्युरिटिज प्रा.लि. | - | - | २०६९।०२।०१ | २०६९।०४।२९ |
| ४५ | सुन्धारा सेक्युरिटिज प्रा.लि. | - | - | २०६९।०२।०१ | २०६९।०४।३० |
| ४६ | भृकुटी स्टक ब्रोकिङ्ग कं.प्रा.लि. | - | - | २०६९।०३।०५ | २०६९।०४।२९ |
| ४७ | श्रीहरी सेक्युरिटिज कं. प्रा. लि. | - | - | - | २०६९।०४।३० |

* मिति २०६९।०५।०३ सम्ममा चौथो त्रैमासिक विवरण पेश गरेका छन् ।

**धितोपत्र दलालको स्थलगत अनुगमन**

बोर्डले यस आर्थिक वर्षमा धितोपत्र दलाल व्यवसायीको कामकारवाहीको स्थलगत निरीक्षण गर्ने उद्देश्यले दुईवटा स्थलगत निरीक्षण टोली गठन गरिएको थियो । उक्त निरीक्षण टोलीहरूबाट कुल २५ वटा धितोपत्र दलाल व्यवसायीहरूको स्थलगत निरीक्षण गर्दा धितोपत्र दलाल व्यवसायीहरूले नियमानुसार राख्नुपर्ने विवरण, ग्राहकको परिचय, ग्राहक विवरण अध्यावधिक भए/नभएको, खरिद आदेश प्राथमिकताको आधारमा कारोबार गरे/नगरेको, बोर्डमा पेश गर्ने सूचना, जानकारी, कम्पनीको हिसाब दुरुस्त राखे/नराखेको र धितोपत्र व्यवसायीहरूको पूर्वाधार प्रर्याप्त रहे/नरहेको सम्बन्धी निरीक्षण गरी उक्त पक्षहरूका सुझाव सहितको प्रतिवेदन तयार गरेको छ। निरीक्षणका क्रममा अधिकांश दलालले नियमानुसार राख्नु पर्ने विवरणहरू राख्ने गरेको पाइयो ।

**(ङ) सूचीकृत संगठित संस्थाहरूको सूचना प्रवाहको अनुगमन**

यस आर्थिक वर्षमा कुल २१६ सूचीकृत संगठित संस्थाहरू मध्ये १६५ सूचीकृत संगठित संस्थाले तोकिएको समयमा तथा १७६ संगठित संस्थाहरूले ढिलो गरी सोही आर्थिक वर्षभित्र वार्षिक प्रतिवेदन बुझाएका छन् । १७० संगठित संस्थाहरूले प्रथम त्रैमासिक विवरण, १६७ संगठित संस्थाहरूले दोस्रो त्रैमासिक विवरण, १७० संगठित संस्थाहरूले तेस्रो, १५३ संगठित संस्थाहरूले चौथो त्रैमासिक विवरण बोर्डमा पेश गरेका छन् । विवरण पेश नगर्ने कम्पनीहरूलाई विवरण पेश गर्न बोर्डले तारताकेता गर्दै आएको छ । साथै बोर्डले ऐन नियम अनुसार बोर्डमा वित्तीय विवरण पेश गर्ने सूचीकृत संगठित संस्थाहरूको कम्पनी विवरण (Company Profile) तयार गरेको छ ।

**(च) नियमित अनुगमन तथा सुपरीवेक्षण**

धितोपत्रको सार्वजनिक निष्काशन कार्यमा नियमावलीमा भएको व्यवस्था अनुसार आवेदन फाराम संख्या तथा रकम संकलन, विवरण तोकिएको समयभित्र पेश भए नभएको, संकलन केन्द्रबाट प्राप्त विवरण तथा निष्काशन तथा बिक्री प्रबन्धकबाट बोर्डमा पेश गरिएको पछिल्लो विवरणमा फरक भए नभएको, बिक्री बन्द भएको १५ दिनभित्रमा ड्राफ्ट

सम्बन्धी विवरण बोर्डमा पेश भए नभएको, संकलित रकम बिक्री बन्द भएपछि तोकिएको समयभित्र तोकिएको समयसम्मका लागि नेपाल राष्ट्र बैंकमा जम्मा गरे नगरेको, धितोपत्र बाँडफाँटको नमूना बाँडफाँट गर्नुभन्दा तीन कार्यदिन अघि बोर्डमा पेश गरे नगरेको, धितोपत्रको बाँडफाँट तथा फिर्ता भुक्तानी तोकिएको समयभित्र गरे नगरेको, संकलित रकम निष्काशन बैंकमा जम्मा गरेको सम्बन्धी विवरण बोर्डमा पेश भए नभएको, तोकिएको समयभित्र सेयरको सूचीकरणका लागि निवेदन दिए नदिएको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने गरिएको छ । धितोपत्रको दोस्रो बजार कारोबारको सुपरीवेक्षण सम्बन्धमा बजार खुला रहेको अवस्थामा कुनै कारोबारमा अस्वभाविक उतारचढाव देखिएमा सो कारोबारको समय, संख्या, मूल्य तथा परिमाण र कारोबारमा संलग्न दलाल व्यवसायी तथा लगानीकर्ताको विवरण तयार गर्ने, कुनै व्यक्ति/संस्थाले मिलोमतो गरी एउटै धितोपत्र खरिद तथा बिक्री गरेको देखिएमा सो सम्बन्धी विवरण तयार गर्ने, बजार खुला रहेको अवस्थामा नेपाल स्टक एक्सचेञ्ज लि. को वेबसाइटमा देखिने कारोबार सम्बन्धी विवरणको कारोबार प्रणालीसँग भिडाई कुनै अस्वभाविक कारोबारहरू देखिएमा नोट गर्ने, कारोबारका लागि रोक लगाइएको धितोपत्र, दलाल व्यवसायी तथा कारोबार रोक्का र मूल्य संवेदनशील सूचना भिडाई कैफियत नोट गर्ने गरिएको छ । दोस्रो बजार कारोबारको अनुगमन गर्दा आवश्यक देखिएमा सम्बन्धित धितोपत्र दलाल व्यवसायी, सूचीकृत संगठित संस्था तथा नेपाल स्टक एक्सचेञ्ज लि. सँग आवश्यक थप विवरण तथा जानकारी माग गर्ने, दैनिक धितोपत्रको कारोबार मूल्यमा तोकिएको प्रतिशतभन्दा बढीले तलमाथि भएमा सो कारोबारका सम्बन्धमा कारोबार संख्या, मूल्य तथा कारोबार रकम र संलग्न दलाल व्यवसायी तथा लगानीकर्ताको विवरण तयार गर्ने गरिएको छ ।

(छ) **मूल्य संवेदनशील सूचनाको अभिलेख**

यस आर्थिक वर्षमा धितोपत्र बजारका सूचीकृत संगठित संस्थाहरूबाट बोर्डमा ४७६ वटा विभिन्न किसिमको मूल्य संवेदनशील सूचनाहरू प्राप्त भएकोमा ती सूचनाहरूलाई व्यवस्थित गरी अभिलेख राख्ने व्यवस्था गरिएको छ । जसमध्ये धितोपत्र दलाल व्यवसायसँग सम्बन्धित सूचनाको संख्या २७ रहेको छ । यस्ता सूचनाको जानकारीबाट लगानीकर्ताहरूले धितोपत्रको कारोबार गर्दा सजगता अपनाई अस्वभाविक कारोबार हुन दिँदैनन् ।

## धितोपत्रको केन्द्रीय तथ्यांक बैंक

धितोपत्र बजारका सूचीकृत कम्पनीहरूको वार्षिक प्रतिवेदनमा समाविष्ट विगत १६ वर्ष अघिदेखिका तथ्यांकहरू तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रका पुँजी बजार तथा अर्थतन्त्रसँग सम्बन्धित तथ्यांकहरू संकलन गरी धितोपत्रको केन्द्रीय तथ्यांक बैंक धितोपत्र तथ्यांक व्यवस्थापन प्रणाली स्थापना आयोजनामार्फत स्थापना गरिएकोमा उक्त बैंकलाई नियमित रूपमा अध्यावधिक गर्दै गत वर्षदेखि वेबसाइटमार्फत सार्वजनिक गरिएको छ । यस आर्थिक वर्षमा उक्त तथ्यांक बैंकलाई नियमित रूपमा अद्यावधिक गरी सूचीकृत कम्पनीहरूको हालसम्मको अधिकांश वित्तीय विवरणहरू प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ ।

## पञ्च वर्षीय पुँजी बजार विकास गुरुयोजना कार्यान्वयन ढाँचा

नेपालको पुँजी बजारको विकासमा देखिएका कठिनाई, चुनौती तथा सम्भावनाहरूलाई औंल्याउँदै समय सापेक्षरूपमा पुँजी बजारको विकास तथा प्रवर्द्धनका लागि बोर्डले विश्व बैंकको प्राविधिक सहयोगमा पाँच वर्षीय पुँजी बजार गुरुयोजना तर्जुमा गरेकोमा उक्त गुरुयोजना कार्यान्वयन योजना (Mater Plan Implementation Framework) तर्कसंगत ढाँचा (Log frame) तयार भएको छ ।

## तालिम तथा प्रशिक्षण

यस आर्थिक वर्षमा नेपाल धितोपत्र बोर्डले देशका विभिन्न भागहरूमा २० भन्दा बढी पुँजी बजार सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छ । यस सम्बन्धी सम्पन्न मुख्य मुख्य कार्यक्रमहरू देहाय अनुसार छन् ।

- बोर्डले पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यूनिग्लोव कलेजसँगको संयोजनमा काभ्रेको धुलिखेलमा मिति २०६८।०४।०१ मा MBA स्नातकोत्तर तह व्यवस्थापनका ३५ जना विद्यार्थीहरू तथा प्रध्यापकहरूलाई धितोपत्र सम्बन्धी एक दिने प्रशिक्षण दिएको ।
- नेपाल धितोपत्र बोर्डको कार्यालय परिसरमा २०६८ मंसिर २५ देखि २९ सम्म सञ्चालित पाँच दिने लगानीकर्ता प्रशिक्षण कार्यक्रममा कुल ३५ लगानीकर्ताहरूको सहभागिता रहेको ।
- सर्वसाधारण लगानीकर्ताहरूलाई मिति २०६८ पौष १२, १५ र १७ गते क्रमशः नेपालगञ्ज, धनगढी तथा सुर्खेतमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको । नेपालगञ्जको कार्यक्रममा ७५, धनगढीको कार्यक्रममा ११९ तथा सुर्खेतको कार्यक्रममा ९४ उद्योगी व्यवसायी, वित्तीय क्षेत्रका कर्मचारी, प्राध्यापक, विद्यार्थी तथा सर्वसाधारण लगानीकर्ताहरूले सहभागी जनाएका थिए । त्यस्तै बोर्डले सो कार्यक्रमको सिलसिलामा पौष ११ गते नेपालगञ्जको सिटी कलेज अफ म्यानेजमेन्टमा ३१ तथा महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्जमा ७३ प्राध्यापक तथा विद्यार्थीहरूलाई, पौष १८ गते वर्दियाको त्रिभुवन उच्च माध्यमिक विद्यालयका १०० शिक्षक तथा विद्यार्थीहरूलाई, पौष १९ गते वर्दियाको बाँसगढी बजारमा ३४ स्थानीय उद्यमी व्यवसायी, व्यापारी तथा सर्वसाधारणहरूलाई र पौष २१ गते चितवनको बसन्तपुर बजारमा ३७ स्थानीय उद्यमी व्यवसायी तथा व्यापारी र सर्वसाधारण लगानीकर्ताहरूलाई प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको ।
- बोर्डले सर्वसाधारण लगानीकर्ताहरूलाई लगानीको अवसर र पहुँच बढाउन मिति २०६८ माघ १ गतेदेखि ४ गते सम्म रोल्पा महोत्सवको अवसरमा स्थानीय कर्मचारी तथा लगानीकर्ताहरूको लागि धितोपत्र सम्बन्धी जानकारी तथा चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको ।
- पब्लिक युथ क्याम्पसमा मिति २०६८ माघ २ गतेदेखि १३ गतेसम्म प्रशिक्षकहरू उपलब्ध गराई स्नातक तथा स्नातकोत्तर तहका करिब ५०० जना विद्यार्थीहरूलाई पुँजी बजार सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको ।
- बोर्डले पूर्वको बिराटनगरका तीन स्थान तथा इटहरी, विर्तामोड र धरानमा नेपाल राष्ट्र बैंक, स्थानीय उद्योग वाणिज्य संघ, स्टक ब्रोकर एसोसियसन तथा अन्य संस्थाको समन्वयमा मिति २०६९ आषाढ ६ गते देखि १० गतेसम्म ५५० जना उद्योगी व्यवसायी, कानुन व्यवसायी, प्राध्यापक, चार्टर्ड एकाउण्टेण्ट्स, लेखापरीक्षक तथा सर्वसाधारण लगानीकर्ताहरूलाई पुँजी बजारका विभिन्न पक्षहरूका सम्बन्धमा प्रशिक्षण दिएको ।
- धितोपत्र सम्बन्धी जानकारी गराउन २०६९ आषाढ २५ देखि २९ गतेसम्म स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा बोर्डले ५०० जना उद्योगी व्यवसायी, प्राध्यापक, कानुन व्यवसायी तथा विद्यार्थीहरूलाई बुटवल, पोखरा, बाग्लुङ्ग र पर्वतमा लगानीकर्ता प्रशिक्षण दिएको ।

## तालिम तथा सेमिनारमा सहभागिता

नेपाल धितोपत्र बोर्डका पदाधिकारीहरूको जानकारी आदान प्रदान तथा कर्मचारीहरूको सिप तथा कार्यगत दक्षता अभिवृद्धिका लागि यस आर्थिक वर्षमा ANNA Annual General Meeting, Jordan, London, 2012, International Institute for Securities Market Development, USA, 2012 Korea Capital Market

Seminar, Korea, CDSL Observation Visit, Mumbai, Antimoney Laundering, Australia, Forensic Accounting, NewZealand, Debt Market, Fixed Income Analysis and Credit Rating Mumbai, Investigation and Enforcement, Mumbai, OECD-Spain Conference on Financial Education, Spain, Financial Reporting Disclosure, Phillipines तथा Securities Market Regulation, Japan जस्ता कार्यक्रमहरूमा बोर्डको सहभागिता रहेको छ ।

**अध्ययन तथा अनुसन्धान**

यस आर्थिक वर्षमा बाह्य विज्ञ मार्फत कमोडिटिज बजार तथा वास्तविक क्षेत्रका कम्पनीहरूको धितोपत्र बजारमा प्रवेश जस्ता विषयहरूमा अध्ययन गराई प्रतिवेदन प्राप्त गरिएको छ । त्यस्तै बोर्डले पुस्तकालय मार्फत लगानीकर्ता, विद्यार्थी, अनुसन्धानकर्ता तथा विश्वविद्यालयका अध्यापकहरू गरी सयौँलाई धितोपत्र बजारसम्वन्धी संकलित तथ्याङ्क, बोर्डका प्रकाशन तथा अन्य विविध सूचना तथा जानकारीहरू उपलब्ध गराएको छ । धितोपत्रको प्राथमिक तथा दोश्रो बजार कारोबार लागत सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ । साथै अध्ययनबाट देखिएका विषयवस्तुहरूका सम्बन्धमा सम्बद्ध पक्षहरूसँग छलफल गरी प्राप्त राय सुझाव अनुसार लागत घटाउने सम्बन्धमा निर्देशन जारी गरिएको छ ।

**प्रकाशनहरू**

**वार्षिक प्रतिवेदन**

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नेपाल धितोपत्र बोर्डको काम कारवाहीको विवरण बोर्ड समक्ष पेश गरी नेपाल सरकार समक्ष पेश गर्नुपर्ने र उक्त प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन समेत गर्नुपर्ने व्यवस्था रहे अनुसार बोर्डले आर्थिक वर्ष २०६७।६८ को वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नुका साथै प्रकाशन गरेको छ ।

**सेबोन न्यूजलेटर**

बोर्डले यस आर्थिक वर्षमा धितोपत्र बजारका विभिन्न गतिविधिहरूलाई समेटी तयार गरिएको सेबोन न्यूजलेटर अंक ८ प्रकाशन तथा वितरण गरेको छ ।

**सचेतनामूलक सामग्रीहरू**

धितोपत्रमा लगानी गर्दा अवलम्बन गर्नुपर्ने सजगता सम्बन्धमा लगानीकर्ताहरूको सचेतना अभिवृद्धि गर्ने उद्देश्यले बोर्डले 'लगानीकर्ताहरूले जान्नुपर्ने कुराहरू' विषय शीर्षकमा पुस्तिका प्रकाशन गरी वितरण गरेको छ । यसैगरी धितोपत्रका लगानीकर्ताहरूले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरू सम्बन्धमा बोर्डले पम्पलेट प्रकाशन गरी वितरण गरेको छ । साथै धितोपत्रका लगानीकर्ताहरूलाई धितोपत्रमा लगानी गर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरूका सम्बन्धमा सचेत गराउन बोर्डले विभिन्न पत्रपत्रिका, रेडियो तथा टेलिभिजनमार्फत सचेतनामूलक सामग्रीहरू प्रकाशन तथा प्रसारण गरेको छ ।

**वेबसाइट**

धितोपत्र बजारका विविध पक्षहरू सम्बन्धमा सम्बद्ध पक्षहरूलाई निरन्तर रूपमा जानकारी उपलब्ध गराउने उद्देश्यले धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरू, नेपाल धितोपत्र बोर्डको परिचय, बोर्डको वार्षिक प्रतिवेदन, त्रैमासिक सेबोन न्यूजलेटर र बोर्डमा गुनासो दिने ढाँचाका साथै लगानीकर्ताका लागि जानकारी तथा चेतनामूलक

सामग्रीहरू समावेश गरी बोर्डले आफ्नो वेबसाइट तयार गरेको छ । बोर्डको वेबसाइट मार्फत धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरूको ऐन नियमको पालनाको स्थिति सम्बन्धी विवरण सार्वजनिक गरेको छ । बोर्डको वेबसाइटलाई अझ प्रभावकारी बनाउन Space तथा Bandwidth को कार्य गरी नियमित रूपमा अद्यावधिक गर्नुका साथै दैनिक सूचना प्रविधि सम्बन्धी समस्याहरूको समाधान गर्नेतर्फ विशेष ध्यान दिई यसमा बढीभन्दा बढी सूचना तथा जानकारीहरू समावेश गर्ने गरिएको छ । बोर्डमा वेब पोर्टलहरूको अद्यावधिक गर्ने कार्य निरन्तर भैरहेको तथा बोर्डका विभिन्न विभाग एवं शाखाहरूमा सूचना प्रवधिको सहज व्यवस्था गरिएको छ । साथै, बोर्डले धितोपत्र बजार क्षेत्रको अन्तर्राष्ट्रिय अभ्यास अनुरूप बोर्डका नाममा दर्ता भएका नयाँ दुई वेबसाइट www.sebon.gov.np र www.sedfar.gov.np लाई अद्यावधिक गर्ने कार्य गरेको छ ।

## पुँजी बजार तथा पूर्वाधार क्षमता विकास योजना

नेपालमा बण्ड मार्केट विकासका लागि नियमन तथा संस्थागत संरचना तयार गर्ने, पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिता बढाउन आवश्यक नीतिगत तथा अन्य व्यवस्थाहरू गर्ने र नेपाल धितोपत्र बोर्डको संस्थागत तथा नियमन क्षमता समेत बढाउने लगायतका उद्देश्यहरू सहित एशियाली विकास बैंकले सञ्चालन गर्न लागेको ५० लाख यूएस डलर बराबरको पुँजी बजार तथा पूर्वाधार विकास सहयोग परियोजनाका लागि एशियाली विकास बैंक र नेपाल धितोपत्र बोर्डबीच असार १३, २०६८ मा हस्ताक्षर भएको छ ।

# ३. धितोपत्र बजारको अवस्था

## धितोपत्र निष्काशन

यस आर्थिक वर्षमा १४ वटा कम्पनीले रु. १ अर्व २८ करोड ३५ लाख बराबरको धितोपत्रको सार्वजनिक निष्काशन गरेका छन् । यसैगरी यस आर्थिक वर्षमा ३ वटा कम्पनीको १ अर्व २ करोड बराबरको ऋणपत्रको सार्वजनिक निष्काशन भएको छ भने ५ वटा कम्पनीले विद्यमान सेयरधनीहरूमा बिक्री वितरणका लागि रु. ४० करोड १६ लाख ८० हजार मूल्य बराबरको हकप्रद सेयर निष्काशन गरेका छन् ।

## धितोपत्र सूचीकरण

### (क) साधारण सेयर सूचीकरण

यस आर्थिक वर्षमा साधारण सेयर जारी गरेका १ वाणिज्य बैंक, ७ विकास बैंक, २ वित्त कम्पनी, १ जलविद्युत् समुहका गरी ११ नयाँ संगठित संस्थाहरूले रु. २ अर्व ७५ करोड ८८ लाख ९० हजार बराबरको साधारण सेयर सूचीकरण गराएका छन् ।

### (ख) हकप्रद सेयर सूचीकरण

यस आर्थिक वर्षमा ३ वाणिज्य बैंक, ६ विकास बैंक, १० वित्त कम्पनी, १ वीमा समूहका सूचीकृत संगठित संस्थाहरूले रु. २ अर्व १८ करोड २० लाख २० हजार बराबरको हकप्रद सेयर नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकरण गराएका छन् ।

### (ग) ऋणपत्र सूचीकरण

यस आर्थिक वर्षमा रु. १५ अर्व ७४ करोड बराबरको संस्थागत ऋणपत्र ३ र विकास ऋणपत्र “क”, “ग”, “घ” गरी जम्मा ६ वटा ऋणपत्र नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकरण भएको छ ।

### (घ) बोनस सेयर सूचीकरण

यस आर्थिक वर्षमा १२ वाणिज्य बैंक, १४ विकास बैंक, २८ वित्त कम्पनी, ४ इन्स्योरेन्स कम्पनी, १ अन्य समूह, १ होटल र १ ट्रेडिङ्ग कम्पनी गरी ६१ सूचीकृत संगठित संस्थाहरूले रु. ३ अर्व ९९ करोड ६२ लाख ९० हजार बराबरको बोनस सेयर सूचीकरण गराएका छन् ।

### (ङ) सूचीकृत संगठित संस्थाहरूको समुहगत विवरण

यस आर्थिक वर्षमा कुल सूचीकृत संगठित संस्थाहरूको संख्या जम्मा २१६ पुगेको छ । सूचीकृत संगठित संस्थाहरूको समूहगत विवरण तालिका १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : सूचीकृत संगठित संस्थाहरूको समूहगत विवरण**

| क्र. सं. | समूह | सूचीकृत संगठित संस्थाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाणिज्य बैंक | २४ | ११.११ |
| २ | विकास बैंक | ६८ | ३१.४८ |
| ३ | वित्त कम्पनी | ७१ | ३२.८७ |
| ४ | बीमा कम्पनी | २१ | ९.७२ |
| ५ | होटल | ४ | १.८५ |
| ६ | उत्पादन तथा प्रशोधन कम्पनी | १८ | ८.३३ |
| ७ | व्यापार कम्पनी | ४ | १.८५ |
| ८ | अन्य कम्पनी | ६ | २.७८ |
| | **जम्मा** | २१६ | १००.०० |

**(च) सूचीकृत संगठित संस्थाहरूको वर्गीकरण**

“धितोपत्र सूचीकरण विनियमावली, २०५३” मा कम्तिमा ३ वर्ष अगाडिदेखि मुनाफामा रहेको, सेयरको चुक्ता मूल्य भन्दा किताबी मूल्य बढी भएको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र उक्त आर्थिक वर्षको कारोबार तथा आय व्यय विवरण स्टक एक्सचेञ्जमा पेश गरेको, चुक्ता पुँजी कम्तिमा रु. २ करोड भएको, साधारण सेयरवालाहरूको संख्या कम्तिमा १००० भएको र नेपाल स्टक एक्सचेञ्ज लि. को सूचीकरण विनियमावलीमा तोकिए अनुसारको मात्रामा सर्वसाधारणलाई सेयर बिक्री गरेको सूचीकृत संगठित संस्थालाई “क” वर्गमा र अन्यलाई “ख” वर्गमा वर्गीकरण गर्ने व्यवस्था रहेको छ । विनियमावलीको व्यवस्था अनुसार यस आर्थिक वर्षमा नेपाल स्टक एक्सचेञ्ज लि. ले २३ वाणिज्य बैंक, ४३ विकास बैंक, ४६ वित्त कम्पनी, १४ बीमा कम्पनी, १ उत्पादन तथा प्रशोधन कम्पनी, १ होटल र ३ अन्य समूहको कम्पनी गरी जम्मा १३१ सूचीकृत संगठित संस्थाहरूलाई “क” वर्गमा वर्गीकरण गरेको छ ।

## सूचीकृत धितोपत्रको चुक्ता मूल्य

यस आर्थिक वर्षको अन्तमा सूचीकृत धितोपत्रको चुक्ता मूल्य रु. १ खर्व १० अर्व ६१ करोड ९ लाख रहेको छ । गत आर्थिक वर्षको चुक्ता मूल्य रु. १ खर्व २३ करोड ८८ लाख रहेको थियो । यस वर्षको धितोपत्रको चुक्ता मूल्य गत आर्थिक वर्षको तुलनामा १०.३५ प्रतिशतले बढी रहेको छ ।

## धितोपत्र कारोबार

यस आर्थिक वर्षमा रु. १० अर्व २७ करोड २७ लाख मूल्य बराबरको धितोपत्र कारोबार भएको छ । गत आर्थिक वर्षमा रु. ६ अर्व ६६ करोड ५१ लाख मूल्य बराबरको धितोपत्र कारोबार भएको थियो । यस वर्षको धितोपत्र कारोबार रकम अघिल्लो वर्षको तुलनामा ५४.१२ प्रतिशतले बढी रहेको छ ।

## बजार पुँजीकरण

यस आर्थिक वर्षको अन्तमा सूचीकृत धितोपत्रहरूको बजार पुँजीकरण रु. ३ खर्व ७१ अर्व ११ करोड ५७ लाख ४० हजार कायम भएको छ । गत आर्थिक वर्षको अन्तमा बजार पुँजीकरण रु. ३ खर्व २३ अर्व ४८ करोड ४३ लाख ४४ हजार कायम रहेको थियो ।

यस आर्थिक वर्षको अधिकतम बजार पुँजीकरण मूल्य रु. ३ खर्ब ७१ अर्व ११ करोड ५७ लाख ४० हजार (मिति २०६९।०३।०५) छ भने न्यूनतम बजार पुँजीकरण रु. ३ खर्ब २३ अर्व ४८ करोड ४३ लाख (मिति २०६८।०४।०५) रहेको छ ।

## मूल्य सूचकांक

यस वर्षको अन्तमा नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत धितोपत्रहरूको मूल्य सूचकांक ३८९.७४ विन्दु कायम भएको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २६.८९ अंकले बढी हो । यस आर्थिक वर्षमा मूल्य सूचकांक अधिकतम ४३२.८३ विन्दु (मिति २०६९।०१।२६ मा) र न्यूनतम २९८.९० विन्दु (मिति २०६८।१२।१६ मा) कायम भएको थियो । यस आर्थिक वर्षको, मूल्य सूचकांक प्रवृत्ति चार्ट १ मा प्रस्तुत गरिएको छ ।



चार्ट १: नेप्से परिसूचक (आर्थिक वर्ष २०६८/६९)

## देशको आर्थिक अवस्था र धितोपत्र बजार

आर्थिक वर्ष २०६८।६९ मा कुल गार्हस्थ उत्पादन आधारभूत मूल्यमा ४.५६ प्रतिशतले वृद्धि हुने देखिएको छ । यस वर्ष नेपालको कुल गार्हस्थ उत्पादन रु. १५ खर्व ५८ अर्व १७ करोड ४० लाख पुग्ने अनुमान छ । आर्थिक वर्ष २०६७।६८ मा यो वृद्धिदर आधारभूत मूल्यमा ३.८१ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०६८।६९ मा प्रचलित मल्यमा कुल राष्ट्रिय आय १४.२३ प्रतिशतले वृद्धि भई रु. १५ खर्व ७२ अर्व ९५ करोड ९० लाख पुग्ने अनुमान छ । त्यस्तै कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचतको अंश अघिल्लो वर्षको तुलनामा केही वृद्धि भई ९.९८ प्रतिशत पुगेको छ । गत वर्ष कुल गार्हस्थ बचत प्रचलित मूल्य मा रु. १ खर्व १८ अर्व रहेकोमा यस वर्ष यस्तो बचत रु. १ खर्ब ५५ अर्ब हुने अनुमान छ ।

आर्थिक वर्ष २०६८।६९ को प्रथम आठ महीनामा कुल वैदेशिक व्यापार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.३ प्रतिशतले वृद्धि भई रु. ३ खर्व ४४ अर्व पुगेको छ । वैदेशिक व्यापारमा निर्यातको अंश १४.१ प्रतिशत र आयातको अंश ८५.९ प्रतिशत रहेको छ । यस आर्थिक वर्षको प्रथम आठ महिनामा भारत तर्फको कुल व्यापार रु. २ खर्व २३ अर्व ८६ करोड रहेको छ भने अन्य देशतर्फ रु. १ खर्व १९ अर्व ९३ करोड रहेको छ । कुल वैदेशिक व्यापारमा भारततर्फको अंश मात्रै ६५.११ प्रतिशत रहेको छ । यस अवधिमा व्यापार घाटा १७.१ प्रतिशतले बढेको छ ।

आर्थिक वर्ष २०६८।६९ मा प्रचलित मूल्यमा कुल पुँजी निर्माणमा १४.६ प्रतिशतले वृद्धि भई रु. ५ खर्व १० अर्ब ५९ करोड पुग्ने अनुमान छ । यसैगरी समीक्षा आर्थिक वर्षमा कुल स्थिर पुँजी निर्माण ५.१ प्रतिशतले बढी रु. ३ खर्व ५ अर्व ६८ करोड पुग्ने अनुमानछ । यस आर्थिक वर्षमा कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान ७७.९७ प्रतिशत र सरकारी क्षेत्रको योगदान २२.०३ प्रतिशत रहेको छ ।

विगत चार आर्थिक वर्षको नेपालको केही मुख्य आर्थिक सूचकांक तालिका १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका १५ : नेपालको आर्थिक सूचकांक**

(प्रचलित मूल्यमा)

(रु.दशलाखमा)

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०६५।६६ | २०६६।६७ | २०६७।६८♦ | २०६८।६९♦♦ |
| १ | कुल गार्हस्थ उत्पादन | ९८८२७२.० | ११९३६७९.० | १३६९४३०.० | १५५८१७४.० |
| २ | कुल राष्ट्रिय आय | १०००७२१.० | १२०२७९६.० | १३७६९७९.० | १५७२९५९.० |
| ३ | कुल राष्ट्रिय बचत | ३५४४६६.० | ४२९२५९.० | ४३३२१७.० | ५७१०८६.० |
| ४ | कुल गार्हस्थ बचत | ९३२३०.० | १३७४९४.० | ११८००८.० | १५५४६७.० |
| ५ | कुल उपभोग | ८९५०४२.० | १०५६१८५.० | १२५१४२१.० | १४०२७०७.० |
| ६ | कुल अन्तर्राष्ट्रिय व्यापार | ३५२१६७.१० | ४३५१५९.२० | २९५६७५.६० | ३४३८०४.६०[१] |
| | (क) भारत | २०३४४३.५० | २५७१०८.०० | १९९२५८.६० | २२३८६७.५०[१] |
| | (ख) अन्य मुलुकहरू | १४८७२३.६० | १७८०५१.२० | ९६४१७.०० | ११९९३७.१०[१] |
| ७ | वस्तु तथा सेवाहरूको खुद निर्यात | -२१९७९९.० | -३१९९००.० | -३२७३१४.० | -३५५१२३.० |
| | (क) आयात | ३४२५३६.० | ४३४१९८.० | ४४९१९९.० | ५०७४९२.० |
| | (ख) निर्यात | १२२७३७.० | ११४२९८.० | १२१८८६.० | १५२३६९.० |
| ८ | कुल पुँजी निर्माण | ३१३०२९.० | ४५७३९५.० | ४४५३२२.० | ५१०५९०.० |
| ९ | कुल स्थिर पुँजी निर्माण | २११०३९.० | २६४८८८.० | २९०६९३.० | ३०५६८२.० |
| | (क) सरकारी क्षेत्रको कुल स्थिर पुँजी निर्माण | ४४२७८.० | ५३६६५.० | ६६८७६.० | ६७३३०.० |
| | (ख) निजी क्षेत्रको कुलस्थिर पुँजी निर्माण | १६६७६१.० | २११२२३.० | २२३८१७.० | २३८३५३.० |

♦ संशोधित अनुमान ♦♦ प्रारम्भिक अनुमान १ प्रथम आठ महिना

स्रोत: आर्थिक सर्वेक्षण, २०६८।६९

## धितोपत्र बजारका सूचकांकहरू

यस आर्थिक वर्षको धितोपत्र बजारसम्बन्धी प्रमुख सूचकांकहरू तालिका १४ मा उल्लेख गरिएको छ ।

**तालिका १४ : धितोपत्र बजार सूचकांक**

(रु. दशलाखमा)

| बजार सूचकांकहरू | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०६६।६७ | २०६७।६८ | २०६८।६९ |
| सार्वजनिक निष्काशन संख्या | ६१ | ४७ | २२ |
| सार्वजनिक निष्काशन रकम | १०८२२.४१ | ६७५४.०३ | २९०२.१८ |
| सूचीकृत संगठित संस्थाको कुल संख्या | १७६ | २०७ | २१६ |
| सूचीकृत धितोपत्रहरूको चुक्ता मूल्य | ७९३५६.०० | १००२३८.०० | ११०६१०.९० |
| सूचीकृत धितोपत्रको संख्या (हजारमा) | ८२१७४६ | १०३३६७४ | ११४००८१ |
| धितोपत्रको वार्षिक कारोबार | ११८५१.११ | ६६६५.३३ | १०२७२.७९ |
| कारोबार भएको दिन | २२५ | २३१ | २३२ |
| कारोबार भएको कम्पनीको संख्या | १९८ | २२२ | २३० |
| कारोबार भएको सेयर संख्या (हजारमा) | २६२६१.३५ | २६२४०.३९ | ४१४७८.९० |
| कारोबार संख्या | २१३७३३ | ३०२३६४ | २९३४८९ |
| सूचीकृत धितोपत्रको बजार पुँजीकरण | ३७६८७१.३७ | ३२३४८४.३४ | ३७१११५.७४ |
| बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ३.१४ | २.०६ | २.७७ |
| कुल ग्रार्हस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ३१.८६ | २३.४९* | २३.४१# |
| **नेप्से सूचकांक** | ४७७.७३ | ३६२.८५ | ३८९.७४ |

* कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्य) को संशोधित अनुमानको आधारमा

# कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्य) को प्रारम्भिक अनुमानको आधारमा

स्रोतः आर्थिक सर्वेक्षण, २०६८।६९ तथा नेपाल स्टक एक्सचेञ्ज लि. को वार्षिक कारोबार प्रतिवेदन, २०६८।६९

# ४. सामूहिक लगानी योजनाको सञ्चालन विवरण

## नागरिक एकांक योजना

नागरिक लगानी कोषद्वारा सञ्चालनमा ल्याइएको नागरिक एकांक योजना अन्तर्गत आर्थिक वर्ष २०६८।६९ को अन्तसम्ममा रु. ३२ करोड ७० लाख ४० हजार बराबरको एकांक बिक्री भएको छ भने रु. ५१ करोड ६५ लाख ७० हजार मूल्य बराबरको एकांकको पुनखरिद भएको छ। यस आर्थिक वर्षको अन्त्यसम्ममा योजनाको कुल लगानी रु. २६ करोड ७५ लाख ३० हजार तथा योजनाले रु. २९ लाख ४० हजार खुद आय आर्जन गरेको छ। नागरिक एकांक योजनाको अधिकांश रकम बैंक निक्षेपमा लगानी हुने र सेयर तथा डिवेञ्चरमा ज्यादै न्यून रकम लगानी हुने गरेको छ।

यस आर्थिक वर्षको अन्त्यमा योजनाका सहभागीहरूको संख्या १,१७३ रहेको छ। यस आर्थिक वर्षमा योजनाले सहभागीहरूलाई ९.०० प्रतिशतका दरले लाभांश दिने घोषणा गरेको छ। नागरिक एकांक योजना सम्बन्धी विवरण तालिका १५ मा प्रस्तुत गरिएको छ।

**तालिका १५ : नागरिक एकांक योजनाको कार्य प्रगति**

(रु.दशलाखमा)

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०६४।६५ | २०६५।६६ | २०६६।६७ | २०६७।६८ | २०६८।६९* |
| १ | एकांक बिक्री रकम | ९८०.०३ | ९५३.४७ | ३४६.७१ | ३१३.५९ | ३२७.०४ |
| २ | एकांक पुनर्खरिद रकम | २००.२२ | २६४.५३ | ३९७.५९ | ४७३.७१ | ५१६.५७ |
| ३ | लगानी | ८०४.७८ | ७०८.२९ | ३७०.५० | ३३१.०३ | २६७.५३ |
| | (क) सरकारी ऋणपत्र | ९३.२० | ८९.१२ | ८८.८० | ८८.८० | ८४.३० |
| | (ख) बैंक निक्षेप (मुद्दती) | ५२९.५० | ४३२.०० | २१९.०० | १७७.५० | ११८.५१ |
| | (ग) सेयर तथा डिबेन्चर | ४२.५९ | ४७.६२ | ५३.१५ | ५५.१८ | ५५.१७ |
| | (घ) कर्जा सापट | १३९.५६ | १३९.५५ | ९.५५ | ९.५५ | ९.५५ |
| ४ | खुद आय | ६५.०० | २.६४ | १.१८ | १.८० | २.९४ |
| ५ | लाभांश (प्रतिशत) | ६.२५ | ९.०० | ९.०० | ९.०० | ९.०० |
| ६ | युनिट होल्डरको संख्याः | २४२६.०० | २०५०.०० | १४६५.०० | १२८४.०० | ११७३ |
| | (क) व्यक्तिगत | २३२३.०० | १९४७.०० | १३७५.०० | १२१२.०० | १०६२ |
| | (ख) संस्थागत | १०३.०० | १०३.०० | ९०.०० | ७२.०० | १११.०० |

* अनुमानित (लेखा परीक्षण अगाडि)

## एनसिएम म्युचुअल फण्ड, २०५९

एन.आई.डि.सि. क्यापिटल मार्केट्स लि. को व्यवस्थापनमा सञ्चालनमा ल्याइएको एनसिएम म्युचुअल फण्ड, २०५९ को आर्थिक वर्ष २०६८।६९ को अन्तसम्ममा कुल लगानी रु. १५ करोड ७३ लाख र खुद सम्पत्ति मूल्य रु. ३१ करोड पुगेको छ। एनसिएम म्युचुअल फन्ड, २०५९ को लगानी हेर्दा अधिकांश लगानी सेयर तथा डिवेञ्चरमा हुने गरेको देखिन्छ भने सरकारी ऋणपत्रमा न्यून मात्रामा लगानी हुने गरेको देखिन्छ। यस आर्थिक वर्षको अन्त्यमा योजनाका सहभागीहरूको संख्या व्यक्तिगत २,३५६ र संस्थागत २० गरी जम्मा २,३७६ रहेको छ। एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. ले जानकारी गराए अनुसार योजनाको प्रति युनिट खुद सम्पत्ती मूल्य रु. ३०.५८ रहेको छ। यस योजनाका युनिटहरू नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकरण गरिएको छ। यस आर्थिक वर्षको अन्त्यमा योजनाको बजार मूल्य प्रति युनिट रु. ५५.२० कायम भएको छ। एनसिएम म्युचुअल फण्ड, २०५९ सम्बन्धी विवरण तालिका १६ मा प्रस्तुत गरिएको छ।

## तालिका १६: एनसिएम म्युचुअल फण्डको कार्य प्रगति

(रु.दशलाखमा)

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०६४।६५ | २०६५।६६ | २०६६।६७ | २०६७।६८ | २०६८।६९* |
| १ | योजनाको कुल लगानी | १९४.७८ | १५१.५३ | १४२.२६ | १३३.८८ | १५७.३१ |
| | (क) सेयर तथा डिवेञ्चरमा लगानी | ८८.९५ | ९०.८० | ९७.९५ | ११८.४३ | ११७.०० |
| | (ख) सरकारी ऋणपत्र | १०.०० | १०.०० | १०.०० | १०.०० | १०.०० |
| | (ग) बैंक निक्षेप | ८१.९३ | १६.३४ | २.६४ | १.५५ | १३.०० |
| ३ | योजनाको कुल आम्दानी | ४७.६८ | ३४.२५ | १३.९८ | १२.६६ | १५.२६ |
| | (क) सेयरमा लाभांस | ३.३० | ३.८५ | ४.२९ | ६.७३ | ६.७४ |
| | (ख) सरकारी ऋणपत्र वा डिवेन्चरमा पाकेको व्याज | ०.८० | ३.४९ | २.०८ | २.०० | २.०० |
| | (ग) बैंक निक्षेपमा व्याज | १०.६७ | ०.७२ | ०.८५ | ०.४३ | ०.५० |
| | (घ) सेयर विक्रीबाट आम्दानी | ३२.८९ | २६.१७ | ६.७४ | ४.०० | ६.१० |
| ४ | योजनाको खुद सम्पत्ति मूल्य | ४८८.८८ | ५३६.८५ | ३९१.७० | ३०९.१७ | ३१०.०० |
| ५ | जम्मा युनिट संख्या (हजारमा) | १०,००० | १०,००० | १०,००० | १०,००० | १०,००० |
| ६ | प्रति युनिट खुद सम्पत्ति मूल्य (रु.) | ४८.८९ | ५३.६९ | ३९.१७ | ३०.९२ | ३०.५८ |
| ७ | प्रति युनिट बजार कारोबार मूल्य (रु.) | - | - | - | - | - |
| ८ | युनिट होल्डरको संख्याः | २,९५० | २,९५१ | २,९५१ | २,९५१ | २,३७६ |
| | (क) संस्थागत | २० | २० | २० | २० | २० |
| | (ख) व्यक्तिगत | २,९३० | २,९३१ | २,९३१ | २,९३१ | २,३५६ |
| ९ | लाभांश (प्रतिशत) | १५ | १५ | १५ | ८ | - |

* लेखा परीक्षण हुन बाँकी

# ५. सूचीकृत संगठित संस्थाहरूको गतिविधि

## वार्षिक विवरण प्रवाह

यस आर्थिक वर्षमा कुल २१६ सूचीकृत संगठित संस्थाहरूमध्ये १७६ संगठित संस्थाहरूले वार्षिक प्रतिवेदन वा वित्तीय विवरण बोर्डसमक्ष पेश गरेका छन् । यीमध्ये ४१ सूचीकृत संगठित संस्थाहरूले मात्र धितोपत्र सम्बन्धी ऐन नियम अनुसार तोकिएको समयावधिभित्र बोर्डसमक्ष आर्थिक वर्ष २०६७।६८ को वार्षिक प्रतिवेदन वा वित्तीय विवरण पेश गरेका छन् ।

तोकिएको समयावधि पश्चात् यस आर्थिक वर्षको अन्तसम्ममा वार्षिक प्रतिवेदन वा वित्तीय विवरण बोर्ड समक्ष पेश गर्ने सूचीकृत संगठित संस्थाहरूमा वाणिज्य बैंक समूहका ९, विकास बैंक समूहका ४२, वित्त कम्पनी समूहका ४०, बीमा कम्पनी समूहका १५, उत्पादन तथा प्रशोधन कम्पनी समूहका ५, व्यापार समूहका २, होटल १, विद्युत १ तथा अन्य समूहका १ गरी जम्मा ११६ संगठित संस्थाहरू रहेका छन् ।

यस आर्थिक वर्षमा १४ सूचीकृत संगठित संस्थाहरूले तोकिएको समयावधि आर्थिक वर्ष (२०६८।६९) भन्दा ढिलो गरी वार्षिक विवरण पेश गरेका छन् भने ४४ सूचीकृत संगठित संस्थाहरूले वार्षिक विवरण पेश गरेका छैनन् ।

## त्रैमासिक विवरण प्रवाह

यस वर्षमा १७३ सूचीकृत संगठित संस्थाले प्रथम त्रैमासिक, १६९ सूचीकृत संगठित संस्थाले दोस्रो त्रैमासिक, १७३ संगठित संस्थाले तेस्रो त्रैमासिक, १५७ सूचीकृत संगठित संस्थाले चौथो त्रैमासिक विवरण बोर्डसमक्ष पेश गरेका छन् ।

## वार्षिक साधारण सभा

सूचीकृत संगठित संस्थाहरूले आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र वार्षिक साधारण सभा गराउनु पर्ने व्यवस्था रहे बमोजिम कुल सूचीकृत संगठित संस्थाहरू मध्ये ६९ संस्थाले समयावधी भित्र वार्षिक साधारण सभा गरेका छन् । यस आर्थिक वर्षभित्र वाणिज्य बैंक समूहका २४, विकास बैंक समूहका ५८, वित्त कम्पनी समूहका ६२, बीमा कम्पनी समूहका २०, होटल समूहका ३, उत्पादन तथा प्रशोधन कम्पनी समूहका १२, व्यापार समूहका २, हाइड्रो पावर ४ र अन्य समूहका २ गरी जम्मा १८७ सूचीकृत संगठित संस्थाहरूले आर्थिक वर्ष २०६७।६८ को वार्षिक साधारण सभा सम्पन्न गरेका छन् ।

## लाभांश तथा बोनस सेयर घोषणा

यस आर्थिक वर्षमा वार्षिक साधारण सभा गराउने सूचीकृत संगठित संस्थाहरूमध्ये ३६ संगठित संस्थाहरूले लाभांश तथा बोनस सेयर घोषणा गरेका छन् । त्यस्तै नगद लाभांश मात्र घोषणा गर्ने २७ तथा बोनस सेयर मात्र घोषणा गर्ने ४ संगठित संस्थाहरू रहेका छन् । नगद लाभांश घोषणाको प्रतिशत ०.२२ देखि ६३ र बोनस सेयर घोषणाको प्रतिशत ३ देखि ६५ सम्म रहेको छ ।

## एक आपसमा गाभिएका सूचीकृत संगठित संस्था

गत आर्थिक वर्षदेखि सूचीकृत संगठित संस्थाहरू एक आपसमा गाभिने क्रम बढ्दै गइरहेको देखिन्छ । हालसम्म गाभ्ने/गाभिने सूचीकृत संगठित सस्थाहरूको संख्या ११ पुगिसकेका छन् ।

## सूचीकृत संगठित संस्थाहरूको सञ्चालन नतिजा

यस वर्षमा बोर्डमा आर्थिक वर्ष २०६७।६८ को वार्षिक प्रतिवेदन वा वित्तीय विवरण प्रस्तुत गर्ने संगठित संस्थाहरू मध्ये १५० संगठित संस्थाहरू मुनाफामा सञ्चालनमा रहेका तथा बाँकी संगठित संस्थाहरू घाटामा सञ्चालनमा रहेका छन् ।

सूचिकृत संगठित संस्थाहरूको सूचना प्रवाहलगायतका गतिविधिहरू सम्बन्धी विवरण बोर्डको वेबसाइटमा समावेश गरिएको छ ।

# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर

## २०६९ आषाढ ३१ गतेको वासलात

| विवरण | अनुसूची | *२०६९ आषाढ ३१ रकम रु. | २०६८ आषाढ ३२ रकम रु. |
|---|---|---|---|
| **कोष तथा जगेडा** | | | |
| कोष तथा जगेडाहरू | १ | १४९,९१८,१७०.३४ | १४५,९०१,६५६.३२ |
| | **जम्मा** | १४९,९१८,१७०.३४ | १४५,९०१,६५६.३२ |
| **सम्पत्ति** | | | |
| **स्थिर सम्पत्ति** | २ | | |
| परल मूल्य | | २५,९६७,४२६.४१ | २५,९६७,४२७.४१ |
| न्युनः ह्रासकट्टी | | (१५,३२७,८२७.५४) | (१२,१५७,२७९.५२) |
| **बाँकी मूल्य** | | १०,६३९,५९८.८७ | १३,८१०,१४७.८९ |
| **लगानी** | ३ | १५०,३१९,५५४.२९ | १४४,१८१,४६४.२१ |
| चालु सम्पत्ति | | | |
| बैंक मौज्दात | ४ | २१,७९४,३९७.४२ | १०,०१७,०५४.११ |
| पेश्कि, धरौटी तथा अग्रिम भुक्तानी | ५ | ४,२१७,१९८.९४ | ६,९६९,७२२.६८ |
| प्राप्त गर्नुपर्ने आम्दानी | ६ | ३,२५८,४९१.८१ | ४,६०१,५७१.७० |
| **कुल चालु सम्पत्ति** | | २९,२७०,०८८.१७ | २१,५८८,३४८.४९ |
| न्युनः चालु दायित्व | ७ | (२१,४८६,८८५.३८) | (१९,६२५,५६०.७१) |
| न्युनः व्यवस्था | ८ | (१८,८२४,१८२.४७) | (१४,०५२,७४०.४३) |
| **खुद चालु सम्पत्ति** | | (११,०४०,९७९.६८) | (१२,०८९,९५२.६५) |
| | **जम्मा** | १४९,९१८,१७०.३४ | १४५,९०१,६५६.३२ |

* परिष्कृत वासलात

# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर

## २०६९ आषाढ ३१ गतेको आय व्यय विवरण

| विवरण | अनुसूची | *२०६८/६९ (रकम रु.) | २०६७/६८ (रकम रु.) |
|---|---|---|---|
| **आय तर्फ** | | | |
| नेपाल सरकारबाट अनुदान | | - | - |
| धितोपत्र बजारसँग सम्बन्धित प्रत्यक्ष आम्दानी | ९ | २९,९४४,३८९.७३ | ३४,७१३,००८.६७ |
| व्याज आम्दानी | | १३,७१२,८३९.४९ | १५,६३१,७८०.१५ |
| अनुदानबाट प्राप्त आम्दानी (SDMS परियोजना अन्तर्गत प्राप्त सम्पत्तिको अपलेखन बापत आय) | | | १,७९०,९४४.५१ |
| विविध आम्दानी | | १,९२३,५०६.२३ | ३४७,४२७.४४ |
| **जम्मा आम्दानी** | | **४५,५८०,७३५.४५** | **५२,४८३,१६०.७७** |
| **व्यय तर्फ** | | | |
| कर्मचारी खर्च | १० | २०,१२७,२६५.७९ | १५,०२६,९७४.६६ |
| अन्य प्रशासकीय खर्च | ११ | १५,२८३,०१५.१० | ११,३४९,६६०.८५ |
| ह्रासकट्टी तथा अपलेखन खर्च | २ | ३,१७०,५४७.९५ | ३,९५७,४९४.६७ |
| अग्रिम करकट्टी पेश्की अपलेखन गरिएको | | १,३६४,३८७.७६ | - |
| **जम्मा खर्च** | | ३९,९४५,२१६.६० | ३०,३३४,१३०.१८ |
| **वचत (व्यय भन्दा बढी भएको आय)** | | ५,६३५,५१८.८५ | २२,१४९,०३०.५९ |
| **कुल बचत** | | ५,६३५,५१८.८५ | २२,१४९,०३०.५९ |
| **बाँडफाँट** | | | |
| अक्षय कोष | | १,४०८,८७९.७१ | ५,५३७,२५७.६५ |
| साधारण जगेडा कोष | | ३,९४४,८६३.१४ | १५,५०४,३२१.४१ |
| कर्मचारी कल्याण कोष | | २८१,७७६.०० | १,१०७,४५१.५३ |
| **कुल वचत** | | ५,६३५,५१८.८५ | २२,१४९,०३०.५९ |

* परिष्कृत आय व्यय हिसाब

# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर

## २०६९ आषाढ ३१ गतेको नगद प्रवाह विवरण

| विवरण | *२०६८।६९ रकम रु. | २०६७।६८ रकम रु. |
|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | |
| यस वर्षको बाँडफाँट पूर्वको बचत | ५,६३५,५१८.८५ | २२,१४९,०३०.५९ |
| जोडः ह्रासकट्टी खर्च | ३,१७०,५४७.९५ | ३,९५७,४९४.६७ |
| जोडः उपदान खर्च व्यवस्था | १,५८२,४०१.०० | ४७२,३२०.९२ |
| जोडः औषधी खर्च व्यवस्था | ३,०६०,०८७.०० | ६००,७२१.३१ |
| जोडः कर्मचारी बिदा खर्च व्यवस्था | - | २२२,९३३.२१ |
| जोडः कर्मचारी बीमा खर्च व्यवस्था | - | १३६,४४८.१८ |
| न्युनः स्थिर सम्पति बिक्रीबाट आम्दानी | - | (८४,०९९.००) |
| न्युनः SDMS परियोजना अन्तर्गत प्राप्त सम्पत्तिको ह्रासकट्टी वापत आय | (१,३३७,२२८.८४) | (१,७९०,९४४.५१) |
| न्युनः व्याज आम्दानी | (१३,७१२,८३९.४९) | (१५,६३१,७८०.१५) |
| **कार्यशील पुँजी पूर्वको सञ्चालन नगद प्रवाह** | (१,६०१,५१३.५३) | १०,०३२,१२५.२२ |
| न्युनः चालु सम्पत्तिमा कमी/(वृद्धि) | ३,१४९,६२९.९३ | (१,७५६,६३६.८९) |
| न्युनः चालु दायित्वमा वृद्धि/(कमी) | १,७०८,५०३.८० | (५,१३६,९४५.९७) |
| न्युनः कर्मचारी कल्याण कोषमा भुक्तानी | - | (१,६२२,८६६.१२) |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | ३,२५६,६२०.२० | १,५१५,६७६.२४ |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| व्याज आम्दानी (कोषहरूमा प्राप्त व्याज सहित) | १३,७१२,८३९.४९ | १५,६३१,७८०.१५ |
| जोडः गत वर्षको अन्तमा प्राप्त गर्न बाँकी व्याज | ३,०३१,०८०.६० | ४,०३८,४७५.४६ |
| न्युनः यस वर्षको अन्तमा प्राप्त गर्नुपर्ने व्याज | (२,०८५,१०६.९०) | (३,०३१,०८०.६०) |
| **यस वर्षको खुद नगद व्याज आम्दानी** | १४,६५८,८१३.१९ | १६,६३९,१७५.०१ |
| न्युनः स्थिर सम्पत्ति खरिद | - | (१,०३०,९६५.००) |
| जोडः स्थिर सम्पत्ति बिक्री | - | ११८,६११.०० |
| न्युनः थप (लगानी)/बिक्री | (६,१३८,०९०.०८) | (४१,८०५,०६९.७७) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | ८,५२०,७२३.११ | (२६,०७८,२४८.७६) |
| **नगदमा भएको कुल वृद्धि/(कमी)** | ११,७७७,३४३.३१ | (२४,५६२,५७२.५२) |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १०,०१७,०५४.११ | ३४,५७९,६२६.६३ |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | २१,७९४,३९७.४२ | १०,०१७,०५४.११ |

* परिष्कृत नगद प्रवाह विवरण

अनुसूची - २

# अनुमतिपत्र प्राप्त धितोपत्र दलाल व्यवसायीहरू

| क्र.सं | नाम | ठेगाना | टेलिफोन नं. | फ्याक्स |
|---|---|---|---|---|
| १ | कुमारी सेक्युरिटिज (प्रा.)लि. | पो.ब.नं. २०१८९, डिल्ली बजार, काठमाडौं | ४४१८०३६ | ४४१८३६९ |
| २ | अरुण सेक्युरिटिज (प्रा.)लि. | पुतलीसडक, काठमाडौं | ४४१९०५१ | ४४२०५७२ |
| ३ | स्टक ब्रोकर ओपल सेक्युरिटिज इन्भेष्टमेन्ट (प्रा.)लि. | रामशाहपथ, काठमाडौं | ४४२३५०९ | ४२५८०६५ |
| ४ | मार्केट सेक्युरिटिज एक्स्चेञ्ज कं.(प्रा.)लि. | खिचापोखरी, न्यूरोड, काठमाडौं | ४२४८९७३ | ४२४९५५८ |
| ५ | अग्रवाल सेक्युरिटिज (प्रा.)लि. | पो.ब.नं. ४७६०, शंकरदेव मार्ग, काठमाडौं | ४४३०७८०, ४२२९७३९ | |
| ६ | आशूतोष ब्रोकरेज एण्ड सेक्युरिटिज (प्रा.)लि. | खिचापोखरी, न्यूरोड, काठमाडौं | ४२२७५१०, २२०२७६ | ४२४०१६२ |
| ७ | प्रज्ञान सेक्युरिटिज (प्रा.)लि. | कमलादी मोड, काठमाडौं | ४४९१६८३, ४४९८२३४ | ०१६२२८९० |
| ८ | मल्ल एण्ड मल्ल स्टक ब्रोकिङ्ग कं.(प्रा.)लि. | डिल्लीबजार, काठमाडौं | ४४१४२६३, ४४१६०५०, ४४३२०८८ | ४४१४००८ |
| ९ | थ्राइभ ब्रोकरेज हाउस (प्रा.)लि. | पुतलीसडक, काठमाडौं | ४४१९०५१, ४४६०६४० | ४४२०५७२ |
| १० | नेपाल स्टक हाउस (प्रा.)लि. | पो.ब.नं. ९७, सी.पी.सी.- ०१४ अनामनगर, काठमाडौं | ४२६५८८८ | ४२५५७३२ |
| ११ | प्राइमो सेक्युरिटिज (प्रा.)लि. | पो.ब.नं. ७४८, पुतलीसडक, काठमाडौं | ४२३०७८७, ४२५३५६४ | ४२३९२१४ |
| १२ | एविसी सेक्युरिटिज लि. | इन्द्रचोक, काठमाडौं | ४२३०७८७, ४२१२९४८ | ४२२६५०७ |
| १३ | सगरमाथा सेक्युरिटिज (प्रा.) लि. | पुतलीसडक, काठमाडौं | ४४३३२२१ | |
| १४ | नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज ट्रेडिङ्ग (प्रा.) लि. | वानेश्वर, भिमसेनगोला, काठमाडौं | ४४१३२०१, ४४९५४५० | ४४९०७२७ |
| १५ | सिप्ला सेक्युरिटिज (प्रा.)लि. | ६/५०, न्यूरोड, काठमाडौं | ४२५५७८२ | ४२५५५८० |
| १६ | मिडास स्टक ब्रोकिङ्ग कं. (प्रा.)लि. | पुतलीसडक, काठमाडौं | ४२४०११५, ४२४००८९ | |
| १७ | सिप्रवी सेक्युरिटिज (प्रा.)लि. | पो.ब.नं. ५७०५, कुपण्डोल, काठमाडौं | ५५३०७०१ | |
| १८ | स्वेता सेक्युरिटिज (प्रा.)लि. | राधाकुटी आर्केड पुतलीसडक, काठमाडौं | ४४४४७९१ | |
| १९ | एशियन सेक्युरिटिज लि. | पुतलीसडक, काठमाडौं | ४२४०६०९, ४२५८१६० | ४२४१८१७ |
| २० | श्रीकृष्ण सेक्युरिटिज लि. | धाख्वा विल्डिङ्ग, दोस्रो तल्ला, न्युरोड, काठमाडौं | ४२२४२६२, ४२२२२०९ | ४२२४२६२ |
| २१ | त्रिशूल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट लि. | पो.ब.नं. १८७४, पुतलीसडक, काठमाडौं | ४४४०७०९ | ४४३८१९७ |
| २२ | जे.एफ. सेक्युरिटिज (प्रा.)लि. | पो.ब.नं. २०९४६, पुतलीसडक, काठमाडौं | ४४४२९१२ | ४४४२९१२ |

| क्र.सं | नाम | ठेगाना | टेलिफोन नं. | फ्याक्स |
|---|---|---|---|---|
| २३ | प्रिमियर सेक्युरिटिज कं.लि. | पो.ब.नं. ११९८५, रामशाहपथ, काठमाडौं | ४२३१३३९ | ४२५५५८० |
| २४ | कालिका सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४३०४७६ | ४४३०६०१ |
| २५ | स्वर्णलक्ष्मी सेक्युरिटिज प्रा. लि. | कमलपोखरी, काठमाडौं | ४४१७१७८ | ४४१७१७८ |
| २६ | दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा. लि. | कमलादी, काठमाडौं | ४१६८७४२ | ४१६८६४० |
| २७ | दिपशिखा धितोपत्र कारोबार कं. प्रा. लि. | अनामनगर, काठमाडौं | ४१०२५३२, ४१०२५३४ | ४२५४४९० |
| २८ | कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्युरिटि प्रा. लि. | बागबजार, काठमाडौं | ४४४२८५८ | ४४४२८५७ |
| २९ | डाइनामिक मनि मेनेजर्स सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४१४५२२ | ४४१४२५८ |
| ३० | भिजन सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४३८१२४ | ४४३८६२१ |
| ३१ | सेक्युअर्ड सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४१६८१७२ | ४१६८१९५ |
| ३२ | सुमेरु सेक्युरिटिज प्रा. लि. | हात्तीसार, काठमाडौं | ४४२४२०९ | ४४४४७४० |
| ३३ | सनी सेक्युरिटिज कं. लि. | जमल, काठमाडौं | ४१६६००६ | ४१६६००५ |
| ३४ | साउथ एशियन बुल्स प्रा. लि. | कुलेश्वर, काठमाडौं | ४२८४७८६ | ४२८४७८५ |
| ३५ | लिन्च स्टक मार्केट लि. | नयाँ बानेश्वर, काठमाडौं | ४७८४५६८ | ४७८४५६७ |
| ३६ | इम्पेरियल सेक्युरिटिज कं. प्रा. लि. | अनामनगर, काठमाडौं | ४४२२१८७ | ६२०६०५८ |
| ३७ | क्रियटिभ सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४१६८२०५ | ४१६८२०३ |
| ३८ | निभ सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४३२३५३ | ४४१०२१० |
| ३९ | त्रिशक्ति सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४२३२१३३ | ४२३२१३२ |
| ४० | क्रिस्टल कन्चनजंगा सेक्युरिटिज प्रा. लि. | पुतलीसडक, काठमाडौं | ४४२८०७२ | ४४२२३७६ |
| ४१ | अनलाइन सेक्युरिटिज प्रा. लि. | बागबजार, काठमाडौं | ४२४६३९२ | ४२४६३९० |
| ४२ | इन्भेष्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं | ४२५६५८९ | ४२५६५९० |
| ४३ | सेवा सेक्युरिटिज प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं | ४२५६६४४ | ४२५६६४२ |
| ४४ | अक्सफोर्ड सेक्युरिटिज प्रा. लि. | कालिमाटी, काठमाडौं | ४२७३७१ | |
| ४५ | सुन्धारा सेक्युरिटिज प्रा. लि. | सुन्धारा, काठमाडौं | ०१-६२१८५०६ | |
| ४६ | भृकुटी स्टक ब्रोकिङ्ग कं. प्रा. लि. | न्यूरोड, काठमाडौं | ४४२३४६६ | ४२२४६४८ |
| ४७ | श्रीहरी सेक्युरिटिज प्रा. लि. | कमलादी, काठमाडौं | ४४३७५६२ | ४४३७४६५ |
| ४८ | आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा. लि. | अनामनगर, काठमाडौं | ४२३३५९६ | ४२३३५९७ |
| ४९ | नासा सेक्युरिटिज लि. | तिनकुने, काठमाडौं | ४४८२३०५ | ४४८१२०७ |

## अनुमति प्राप्त मर्चेन्ट बैंकरहरू

| क्र.सं. | नाम | ठेगाना | फोन | फ्याक्स |
|---|---|---|---|---|
| १ | **एनएसएम मर्चेन्ट बैंकिङ्ग एन्ड इन्भेष्टमेन्ट लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | पुतलीसडक, काठमाडौं | ४२६७५९७, ४२६७५९७ | ४२४८८४५ |
| २ | **एस क्यापिटल लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | लालदरवार, काठमाडौं | ४४२६१६१ | ४४२६१३३ |
| ३ | **एनसिएम मर्चेन्ट बैंकिङ्ग लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | कमलपोखरी, काठमाडौं | ४४२१६५२ | ४४२३४०१ |
| ४ | **एनएमवि क्यापिटल लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | बबरमहल, काठमाडौं | ४२५३०९६ | ४२५१५४४ |
| ५ | **नागरिक लगानी कोष** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन) | नयाँ बानेश्वर, काठमाडौं | ४७८१४३६ | ४७८५३२० |
| ६ | **एलिट क्यापिटल लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन) | जमल, काठमाडौं | ४२२२४६० | ४२२२५३४ |
| ७ | **भिबोर क्यापिटल लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | कृष्णगल्ली, ललितपुर | ५००५५४०, ५५५४७९३ | ५५२४५५४ |
| ८ | **सिभिल क्यापिटल मार्केट्स लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन ) | कमलादी, काठमाडौं | ४१६८६५४, ४१६८६६४ | ४१६८७३४ |
| ९ | **इन्भेष्टमेन्ट मेनेजमेन्ट मर्चेन्ट बैंकर लि.*** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | पुतलीसडक, काठमाडौं | ४४३१३८५ | ४४३०८१४ |
| १० | **विड इन्भेष्ट लि.** (लगानी व्यवस्थापन) | कृष्णगल्ली, ललितपुर | ५५४८४०० | ५५४८४०५ |
| ११ | **ग्रोमोर मर्चेन्ट बैंकर लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | दरवारमार्ग, काठमाडौं | ४२२२९३९, ४२२२९८७ | ४२२२८०२ |
| १२ | **नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | चावहिल, काठमाडौं | ४४६५०१० | ४४६५००९ |
| १३ | **लक्ष्मी क्यापिटल मार्केट लि.** (निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति र लगानी व्यवस्थापन) | पुल्चोक, ललितपुर | ५५५१३६३, ५५५१४६३ | ५५३७७४३ |
| १४ | **अरनिको क्यापिटल म्यानेजमेन्ट कं. लि.*** (सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन) | महाबौद्ध, काठमाडौं | ४२२०१११ | ४२२०१११ |

* इन्भेष्टमेन्ट मेनेजमेन्ट मर्चेण्ट बैंकर लि. र अरनिको क्यापिटल म्यानेजमेन्ट कं. लि. को अनुमति पत्र हाल कायम नरहेको



नेपाल धितोपत्र बोर्डको ललितपुर, सातदोबाटो स्थित प्रस्तावित भवन


# नेपाल धितोपत्र बोर्ड

पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर, नेपाल

टेलिफोन : ००९७७-१-५५४१०५७, ५५४१०५८

ई-मेल : support@sebon.gov.np

वेबसाइट : www.sebon.gov.np